जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३१२ • २०८१ साल चैत २७ गते बुधबार (9 April, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भ्रष्टाचार छानबिन गर्ने समिति बन्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको बुधवार बस्ने बैठकले भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवलगायतका मन्त्रीहरुले गरेको योजना बिक्री लगायतका भ्रष्टाचारहरुको छानबिनका लागि संसदीय छानबिन समिति गठन गरिने भएको छ ।

गत हप्ता प्रदेश सभामा दलका नेता र प्रमुख सचेतकहरुबीच भएको सहमति अनुसार प्रदेश सभाबाट भ्रष्टाचार र योजना बिक्रीको छानबिन समितिले गर्ने छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सम्बोधनका लागि गतिरोध हटाउन सत्तासीन दलहरु र प्रदेश सभामुखले संसदीय समिति गठन गर्न सहमत भएका थिए ।

प्रदेश सभाको बैठक बुधबार १ बजे डाकिएको छ । त्यस बैठकबाट छानबिन समिति गठन गरिने सहमति भएको छ । छानबिन समितिले पूर्वाधार विकास मन्त्रालयलाई केन्द्रमा राखेर युवा, खेलकुद तथा समाजकल्याण मन्त्रालय समेतको योजना बिक्री लगायतका भ्रष्टाचारको छानबिन गर्ने छ ।

विपक्षी दलहरुले छानबिन समितिको माग गरे पनि सत्तापक्षले संसद नै अनिश्चितका लागि स्थगन गरी समिति गठनबाट भाग्ने प्रयास गरेका थिए ।

# राजतन्त्र फर्किंदैन, गणतन्त्रको विकल्प छैन
## उपयुक्त समयमा संविधान संशोधन हुनेछः प्रम ओली

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशसभालाई मंगलबार सम्बोधन गर्दै समयको विकास र अनुभवका आधारमा विद्यमान प्रणालीलाई बलियो बनाउन तथा सुशासन र विकासका लागि उचित समयमा संविधान संशोधन हुने स्पष्ट गरेका छन् ।

‘सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न उपयुक्त समयमा संविधान संशोधन गर्छौं ’ उनले भने, ‘त्यसका लागि एउटा नेकपा (एमाले) र नेपाली कांग्रेसको यो संयुक्त सरकारबाट राजनीतिक समिति बनाउँछौं । तर ‘प्याण्डोरा’को बाकस खोलेजस्तो गर्दैनौं ।’ सुशासनका लागि दृढ अठोट बोकेर जनतालाई पवित्रभावले सेवा दिइ लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् ।

तराई-मधेश केन्द्रित दलहरुले पनि समिति बनाएर भए पनि संविधान संशोधन गर्नेमा जोड दिँदै आएका छन् । तराई-मधेशमा अधिकार सुनिश्चित गर्न संविधान संशोधनको माग उठिरहेको बेला प्रधानमन्त्री ओलीले समिति बनाएर संविधान संशोधन गर्ने संकेत दिएका छन् ।

प्रधानमन्त्री ओलीले कार्यान्वयनको अनुभवका आधारमा विद्यमान व्यवस्थालाई सबल बनाउने लक्ष्यका लागि संविधान संशोधन गर्न राजनीतिक समितिका साथ काम गरिने बताएका छन् ।

प्रधानमन्त्री ओलीले जनताको पहिलो अधिकार गरिबीबाट मुक्ति हुने भएकाले गरिबीका अगाडि अन्य अधिकारको कुनै अर्थ नहुने बताउँदै विकास र समृद्धिको यात्रामा मिलेर अघि बढ्न आह्वान गरे । ‘सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था ठूलो उपलब्धि हो’ उनले भने, यो उपलब्धिलाई केवल राजनीतिक उपलब्धिका रूपमा मात्र होइन जनताको सङ्घर्षबाट प्राप्त भएको उपलब्धिका रुपमा लिनुपर्छ ।

त्यसकारण हाम्रा प्रयासहरु जनताको सेवामा समर्पित हुनुपर्ने बताउँदै परिपूर्ण लोकतन्त्रका लागि काम गर्नुपर्ने ओलीले बताए । ‘जनताले परिवर्तनको उपलब्धि आफ्नो पेट, आफ्नो आङ र सन्ततिको हितमा खोज्छ ’उनले भने, त्यसकारण हामीले जनतालाई लोकतान्त्रिक अधिकार उपयोग गर्न दिनुपर्छ । सम्पूर्ण सामाजिक जीवनमा लोकतन्त्र फुलाउनु पर्छ । त्यसका लागि समाजलाई विकास र सुशासनको गतिमा लानैपर्छ ।’

प्रधानमन्त्री ओलीले लोकतान्त्रिक गणतन्त्रको व्यवस्था जनताको सङ्घर्षको जगमा ल्याइएकाले यस व्यवस्थालाई सुव्यवस्थित एवं सुदृढ बनाउनु सबैको कर्तव्य भएको बताए । “यो श्रेष्ठ प्रणाली हो, हामीले यसको रक्षा गर्नुपर्छ ’ उनले भने, अभ्यासमा आएको लामो समय नभएकाले यो व्यवस्थामा केही कमजोरी भए होलान्, तर सुधार गरेर जानुको विकल्प छैन ।

संविधान नमान्ने अभिव्यक्ति दिने मधेशका नेताहरुप्रति लक्षित गर्दै ओलीले भने, अब हामी द्रुत गतिमा अघि बढेका छौं । यस प्रणालीअन्तर्गत सांसदको शपथ लिने अनि बाहिर गएर संविधान मान्दिन भन्ने अभिव्यक्ति दिनु हुँदैन ।’

‘प्रतिगमनका लागि ढोका खोल्न संविधान संशोधन गर्दैनौं ’ उनले भने, ‘राजतन्त्र फेरि ल्याउने भनेर केही लागेका छन् ।’ ‘विगतमा निरङ्कुश राजतन्त्रको कुशासन नदेखेका नयाँ पुस्तालाई भ्रममा पार्न खोजिएको छ’ ओलीले भने, हामीले नयाँ पुस्तालाई सचेत बनाउनुपर्छ । आजको सचेत समाजले त्यस्तो सामन्ती व्यवस्था स्वीकार्न सक्दैन ।

“त्यसका लागि एउटा नेकपा (एमाले) र नेपाली कांग्रेसको यो संयुक्त सरकारबाट राजनीतिक समिति बनाउँछौं । तर “ प्याण्डोरा”को बाकस खोलेजस्तो गर्दैनौं ।”



गणतन्त्र यस देशको वर्तमान र भविष्य रहेको बताउँदै उनले प्रतिपक्षी पनि विद्यमान व्यवस्थाको पक्षमा रहनु खुसीको कुरा भएको बताए ।

प्रधानमन्त्री ओलीले मधेश प्रदेशको सामाजिक, सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भाव अत्यन्त सुन्दर पक्ष भएको उल्लेख गर्दै यहाँका अनुशासित, चेतनशील तथा विकासप्रेमी नागरिकले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान कायम गर्न पुऱ्याएको योगदानको प्रशंसा गरे ।

संविधानले मधेश प्रदेशलाई स्वायत्तता प्रदान गरेको र यो स्वायत्तताको सही उपयोग गर्नु सबैको दायित्व रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय, नीति निर्माण र विकासका कार्यहरूलाई प्रभावकारी बनाउन प्रदेश सरकारको विशेष भूमिका रहने बताए ।

यसैबीच नेकपा एमालेको सिरहा जिल्ला अधिवेशनको उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्र भएको बताए । राजतन्त्रका पक्षधर कस्ता हुँदा रहेछन् भन्ने कुरा यही चैत १५ गतेको उनीहरुको क्रियाकलापले स्पष्ट पारिसकेको उल्लेख गर्दै नेपाली जनताले राजतन्त्रलाई नस्वीकार्ने उनले बताए ।

‘राजतन्त्र फर्किन्छ भन्ने कुरा राति देखेको सपना पनि होइन, दिउँसै देखेको सपना हो ’ उनले भने, यो कुनै काम लाग्दैन । चैत १५ गतेको उनीहरुको क्रियाकलापले त्यो सपना भङ्ग भइसक्यो । ‘राजतन्त्रका पक्षधर कस्ता हुँदा रहेछन् भन्ने नेपाली जनताले देखिसके ओलीले भने, त्यस्ताको हातमा शासन गयो भने देशमा के हुन्छ होला ? तर, जानेवाला छैन । म आम नेपाली जनतालाई ढुक्क रहन आग्रह गर्दछु ।’

व्यक्तिको घरघरमा गएर आगो लगाउने, औषधि निर्माण कम्पनीमा आगो लगाउने, सञ्चारगृहमा आगो लगाउने, भित्र मान्छे थुनेर आगो लगाएर मार्ने, लुटपाट मञ्चाउनेजस्ता विध्वंसकारी तथा अराजक तत्वलाई कुनै हालतमा स्वीकार गर्न नसकिने प्रधानमन्त्री ओलीले स्पष्ट पारे ।

सरकारको ध्यान सुशासन, विकास र समृद्धिमा केन्द्रित रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय आकांक्षा साकार पार्न आफू लागिपरेको बताए । त्यकका लागि सामाजिक न्याय, समानता, समावेशीता र समानुपातिक प्रणालीलाई अझ प्रभावकारी बनाई लोकतन्त्रलाई मजबुत बनाई छाड्ने उनले सङ्कल्प गरे ।

प्रधानमन्त्री ओलीले सम्बोधनका क्रममा धनुषा र सिरहा जोड्ने हुलाकी सडकको कमला पुल समयमै निर्माण सम्पन्न गरी यातायात सञ्चालन गर्न सरकारले विशेष ध्यान दिएको बताए । कार्यक्रममा एमाले केन्द्रीय सचिव रघुवीर महासेठ, पार्टीका मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठ, मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलगायतले आ-आफ्नो धारणा राखे थिए । यसअघि प्रधानमन्त्री ओलीले आजै जनकपुरधाममा मधेश प्रदेशसभालाई सम्बोधन गरेका थिए ।






# लागूऔषध ब्राउन सुगरसहित ८ जना पक्राउ



**टुडे समाचारदाता**

लहान । लागूऔषध ब्राउन सुगरसहित सिरहामा ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । सिरहा प्रहरीले जिल्लाका विभिन्न स्थानबाट शुक्रबार र शनिबार ८ जनालाई पक्राउ गरेको छ ।

सिरहा प्रहरीले जनाए अनुसार सिन्धुलीको दुधौली नगरपालिका-१० का २४ वर्षीय प्रवीन बुढाथोकी र २२ वर्षका श्रवण कुमाललाई शुक्रबार सीमाक्षेत्रबाट २ ग्राम ५ सय मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरिएको जनाएको छ ।

त्यस्तै मिर्चैया नगरपालिका-८ का १९ वर्षीय सुशान्त पजियार र मिर्चैया-५ का विजय महतो ०.९२ ग्राम ब्राउन सुगरसहित सीमाक्षेत्रबाटै शनिबार पक्राउ परेका छन् ।

त्यस्तै काठमाण्डु महानगरपालिका-११ का २१ वर्षीय सुनिल बहादुर तामाङलाई २३.९५ ग्राम ब्राउन सुगरसहित शनिबार नै माडर-लहान चल्ने बसबाट पक्राउ गरिएको सिरहा प्रहरीले जनाएको छ ।

त्यस्तै लहान नगरपालिका-३ स्थित अस्पताल चोकबाट धनगढीमाई नगरपालिका-९ का २१ वर्षीय पवन साह, धनगढीमाई-८ का २१ वर्षीय लालबाबु राय र २३ वर्षका अंकेश महतो ३३.१५ ग्राम ब्राउन सुगरसहित पक्राउ गरेको सिरहा प्रहरीले जनाएको छ ।

उनीहरूमाथि सिरहा जिल्ला अदालतबाट म्याद लिएर थप अनुसन्धान कार्य गरिरहेको सिरहा प्रहरीका प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले बताए ।

# पेस्तोल, गोली र गाँजासहित गिरी पक्राउ

**टुडे समाचारदाता**

रौटहट । रौतहट प्रहरीले कटुवा पेस्तोल गोली र लागूऔषध गाँजासहित एक जना मानिसलाई पक्राउ गरेको



छ ।

भारतीय सीमावर्ती क्षेत्रसंग जोडिएको इशनाथ नगरपालिका-१ स्थित बञ्जरहा झुलुङ्गे पुलबाट कटुवा पेस्तोल १ थान, गोली ४ राउण्ड र १०९ किलो लागूऔषध गाँजा सहित गौर नगरपालिका-४ स्थित टिकुलियाका महेन्द्र गिरीको छोरा २१ वर्षीय सावन गिरीलाई सोमवार राति प्रहरीले पक्राउ गरेको हो ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट एकजना इन्स्पेक्टरको कमाण्डमा गएको टोलीलाई लालबकैया केराघारीहुँदै टाउकोमा गाँजाको बोरा बोकेर भारत तर्फ गईरहेको गिरीले हेरेपछि गाँजा फालेर भागेका थिए । प्रहरी टोलीले उनलाई लखेटेर पक्राउ गरेको प्रदेश प्रहरी कार्यालयको सूचनामा उल्लेख गरिएको छ ।

रौतहट प्रहरीले खानतलासी गर्दा गिरीको पाइन्टको गोजीमा ८ एमएमको गोली लोड अवस्थामा कटुवा पेस्तोल र ३ राउण्ड सोही पेस्तोलमा लाग्ने जिउँदो गोली बरामद भएको प्रदेश प्रहरीका सूचना अधिकारी एसपी ठाकुर प्रसाद पोखरेल द्वारा हस्ताक्षरित सूचनामा उल्लेख गरिएको छ ।

बरामद गाँजा, पेस्तोल सहित पक्राउ परेका गिरी जिल्ला प्रहरी कार्यालय रौतहटको नियन्त्रणमा रही निज माथि लागूऔषध तथा हातहतियार खरखजाना सम्बन्धी मुद्दा दायर गरी जिल्ला अदालत गौरबाट म्याद थमाएर थप अनुसन्धान भइरहेको मधेश प्रदेश प्रहरी कार्यालय द्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

# एक युवकमाथि खुकुरी प्रहार



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिलाबिहारी नगरपालिका वडा नम्बर-५ ललियास्थित साप्ताहिक बजार क्षेत्रमा २५ वर्षीय श्याम सुन्दर मण्डलमाथि खुकुरी प्रहार हुँदा उनी गम्भीर घाइते भएका छन् ।

उनलाइ उपचारको लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको जनाइएको छ । सोमबार राति ललियास्थित साप्ताहिक बजार क्षेत्रमा दुर्गा मन्दिरको छेउमा मण्डलमाथि खुकुरी प्रहार भएको बताइएको छ । मण्डलको घाँटीमा गहिरो चोट लागेकोले उनको अवस्था चिन्ताजनक अवस्था रहेको छ ।

घटनास्थलमा पुगेका प्रहरी सहायक रक्षक रामजीवन चौधरीले जनाए अनुसार मण्डलमाथि खुकुरी प्रहार गर्ने व्यक्ति अन्दाजी ५० वर्षीय विजय भन्ने व्यक्तिको नाम उल्लेख गरिएको छ ।

धनुषा प्रहरीका अनुसार मण्डल र विजय बीच कुनै व्यक्तिगत विवाद भएको कारणले खुकुरी प्रहार भएको छ । विवादको वास्तविक कारणको बारेमा थप अनुसन्धान चलिरहेको छ भने घटनामा संलग्न विजय घटना पश्चात फरार भएका छन् ।

धनुषा प्रहरी उनलाई पक्राउ गर्नका लागि खोजी कार्य तीव्र बनाएको जनाएको छ ।

# भारत सितामढीका संयुक्त सुरक्षा अधिकारीको बैठक सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । नेपाल भारत सुरक्षा अधिकारीहरुको संयुक्त बैठक भारत बिहार सीतामढी स्थित सम्पन्न भएको छ । रौतहट, सर्लाही महोत्तरी र सीतामढी जिल्लाका सुरक्षा अधिकारीहरुको सहभागितामा संयुक्त समन्वय समितिको बैठक सम्पन्न भएको छ । खुला सिमानाका कारण हुनसक्ने चोरी तस्करी,लागुऔषध कार्यालय रौतहट द्वारा मंगलवार जारी सूचनामा उल्लेख गरिएको पाइन्छ ।

दुईपक्षीय बैठकमा नेपालको तर्फबाट रौतहटका सिडियो बिनोद कुमार खड्का, नेपाल प्रहरीका एसपी दिलीप घिमिरे, सशस्त्र प्रहरी रौतहटका एसपी सन्तोष कुमार बस्नेत, राष्ट्रिय अनुसन्धानका एसपी अभिनय कुमार सिंह, जिल्ला भन्सार




तथा मदिरा ओसारपसार नियन्त्रण गर्ने सहमति भएको संयुक्त बैठकमा सहभागी रौतहटका सिडियो बिनोद कुमार खड्का द्वारा हस्ताक्षरित सूचनामा उल्लेख गरिएको छ ।

त्यसैगरी सीमा क्षेत्रमा अवैध मुद्राको कारोवार नियन्त्रण गर्ने, एक आपसमा सूचना आदान प्रदान गर्ने, तथा सुरक्षा संवेदनशीलताको विषयमा सौहार्दपूर्ण वातावरणमा दुईपक्षीय सहमती भएको जिल्ला प्रशासन कार्यालय गौरका प्रमुखको सहभागिता रहेको थियो। त्यस्तै सर्लाही,महोत्तरीका सिडियो, नेपाल प्रहरी , सशस्त्र प्रहरी, अनुसन्धानका एसपी, भन्सार अधिकृत संगै भारत सितामढी जिल्लाका मुख्य जिल्ला अधिकारीको नेतृत्वमा पुलिस अधिक्षक , एस एसबी कमान्डेन्ट, तथा कस्टम कार्यालयका प्रमुखहरूको सहभागिता रहेको जनाइएको छ।

# भ्रष्टाचारलाई जरैदेखि सफा गर्नुपर्छ : महामन्त्री थापा

गुल्मी । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले वर्तमान सरकारले कुशासन र भ्रष्टाचारलाई जरैदेखि सफा गर्नुपर्ने बताउनुभएको छ । सरकारले केही गरेन भन्ने भाष्य चिर्न भ्रष्टाचार निर्मुल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाली कांग्रेस गुल्मीद्वारा मंगलबार सदरमुकाम तम्घासमा आयोजित तेस्रो जिल्ला सम्मेलनमा महामन्त्री थापाले गलत काम गर्ने जो कोही भए पनि त्यसले सजाय पाउन सकेमा मात्र नागरिकमा भरोसा सिर्जना हुने बताउनुभयो । उहाँले प्रधानमन्त्री तथा मन्त्रीहरुले खुरुखुरु जनताको हितका लागि काम गर्नमा लाग्नुपर्ने उल्लेख गर्दै राम्रो कामको प्रचार गर्न आफूहरु तयार रहेको बताउनुभयो । रासस

# मोटरसाइकल दुर्घटनामा परी एकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्निसाइर कृष्णा संवरण गाउँपालिका- ५ स्थित बकधुवामा मंगलबार दिउँसो भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा तिलाठी कोइलाडी गाउँपालिका ७ मंसापुरका अन्दाजी वर्ष ४५-५० का हरेराम मण्डल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक मनिष श्रेष्ठले जानकारी दिए ।



डिभिजन वन कार्यालय महुलीमा कार्यरत मण्डल घरबाट कार्यालय जाने क्रममा आफैंले चलाएको प्र. २-०१-००२ प. २३०५ नम्बरको मोटरसाइकल अन्यन्त्रित भइ दुर्घटना हुँदा गम्भीर घाइते मण्डलको उपचारको क्रममा गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा मृत्यु भएको श्रेष्ठको भनाइ छ ।

मृतकको शव गजेन्द्रनारायण सिंह अस्पतालमा पोस्टमार्टमका लागि राखिएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको उनले बताए ।

# वीरगञ्ज चिल्ड्रेन पार्कको नाम 'शंखधर साख्वा पार्क' हुने

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको वीरगञ्ज माइराम पोखरामा रहेको चिल्ड्रेन पार्कको नाम परिवर्तन गरिएकोमा नगरप्रमुख राजेशमान सिंहको चर्को आलोचना भइरहेको छ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ४ मा रहेको चिल्ड्रेन पार्कको नाम परिवर्तन 'शंखधर साख्वा' राखिएको छ । मधेशी दलको रुपमा रहेको जनता समाजवादी पार्टीका मेयर राजेशमान सिंहले एकलौटीरुपमा चिल्ड्रेन पार्कको नाम परिवर्तन गरेको भन्दै चौतर्फी रुपमा आलोचना शुरु भएको छ ।

वीरगञ्जमा पूर्वमेयर विजय सरावगी उद्घाटन गरेको शिलालेख हटाएर शंखधर उदघाटन गरेको शिलालेख हटाएर शंखघर साख्वा पार्क, वीरगञ्ज पार्क २०८१ चैत ५ गते लेखिएको बोर्ड गाडिएको छ । पार्कको नाम परिवर्तन गरिएको बारे वडा नम्बर ४ का वडाध्यक्ष जगत साह कानुले अनभिज्ञता जनाए ।

मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना अन्तर्गत एशियाली विकास बैंक (एडिबी), नेपाल सरकार र वीरगञ्ज महानगरपालिकाको आठ प्रतिशत म्याचिङ फन्डमा वीरगञ्ज उधान नामले उक्त पार्क निर्माण सम्पन्न भएपछि महानगरपालिकाले चिल्ड्रेन पार्क राख्दै स-साना वालवालिकाहरुको लागी खेलकुदको समान जडान गरेको थियो ।वीरगन्ज महानगरपालिकामा




साख्वा पार्क लेखिएको बोर्ड गाडिएको छ । नेपाल सरकार, वीरगञ्ज महानगपालिका र नगर विकास कोषको संयुक्त लगानीमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत वीरगञ्ज उधानको निर्माण भएको थियो । २०७५साल असोज २० तत्कालिन मेयर विजय सरावगीले उक्त उधानको उदघाटन गर्दै महानगरपालिकाले चिल्ड्रेन पार्क नामाकरण गरेको थियो । पूर्वमेयर सरावगीले रहेको वालमन्दिर क्षेत्र निजि विद्यालयको देखरेखमा गएपछि महानगरपालिकाका स-साना वालवालिकाका लागी उक्त पार्क खोलिएको थियो ।

पार्क निर्माण सम्पन्न भएको पाँच वितिसक्दा पनि जनप्रतिनिधिको आभावमा पार्क संचालनमा आउने सकेको थिएन । वीरगञ्ज महानगरपालिका पुर्व मेयर विजय कुमार सरावगीले पार्कको नाम परिवर्तन गर्नु गैर कानुनि भएको बताएका छन् ।

# नेपाल बुद्धले सिकाएको शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्ने देश हो: सभामुख घिमिरे

काठमाण्डु । सभामुख देवराज घिमिरेले नेपाल बुद्धले सिकाएको शान्तिपूर्ण सहअस्तित्व अनन्तकालसम्म विश्वास गर्ने देश भएको उल्लेख गर्नुभएको छ ।

उज्वेकिस्तानमा भएको अन्तर व्यवस्थापिका सङ्घ (आइपियु) को १५०औं सभाको 'साइडलाइन'मा भएको अंसलग्न आन्दोलन संसदीय सञ्जालको चौथो सम्मेलन, २०२५ मा 'बान्डुङ भावनाको ७० वर्ष मनाउँदैः बान्डुङ सिद्धान्तहरूको संरक्षणमा संसद्हरूको भूमिका' विषयमा आफ्नो मन्तव्य राख्नुहुँदै उहाँले भन्नुभयो, "नेपाल असंलग्न आन्दोलनको संस्थापक सदस्य, संसारभरका मुलुकहरूबीचको शान्तिपूर्ण सहअस्तित्वको पक्षधर र समर्थक राष्ट्र हो ।"

उहाँले नेपालको संसद्ले उच्चतम संसदीय अभ्यासमार्फत नीति निर्माण र जनसरोकारका मुद्दाहरूको पैरवी गरिरहेको उल्लेख गर्दै असंलग्नता र शान्ति देशको संविधानमै व्यवस्था गरिएको बताउनुभएको सभामुखको सचिवालयले जनाएको छ । नेपाल आफैं एक दशकको आन्तरिक द्वन्द्वबाट शान्तिपूर्ण विधिका माध्यमबाट बाहिर आएको मुलुक भएको सभामुख घिमिरेको भनाइ छ । उहाँले भन्नुभएको छ, "हाम्रा सांसदहरू नागरिकहरूको आवाज प्रतिध्वनित हुने ठाउँ हुन्, सांसदहरूले लोकतन्त्रको रक्षा गर्छन्, शान्ति, न्याय र दिगो विकासका लागि नीतिहरू तर्जुमा गर्छन् । यी मूल्यहरूको संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो ।"

उहाँले नेपाल बान्डुङ सिद्धान्तहरूप्रति दृढ प्रतिबद्धता व्यक्त गर्दै सबै देशहरूलाई अझ न्यायपूर्ण, शान्तिपूर्ण र समृद्ध विश्व निर्माण गर्न एकजुट हुन आह्वान गर्नुभयो । "आउनुहोस्, हाम्रा कार्यलाई मार्गदर्शन गर्ने एवं भावी पुस्तालाई प्रेरित गर्ने सिद्धान्तहरू बोकेको बान्डुङ भावनामा अन्तरनिहित ज्योतिलाई अझै गाढा बनाऔं, साझा प्रगतिका लागि सहकार्यमा अघि बढौं, जहाँ बान्डुङ भावना सर्वोच्च रहन्छ", उहाँले भन्नुभएको छ ।

सभामुख घिमिरेले एसियाली, अफ्रिकी र अन्य राष्ट्रका नेताहरू ७० वर्षअघि उपनिवेशवाद एवं शीतयुद्धको प्रतिस्पर्धाबाट स्वतन्त्र भविष्य निर्माण गर्ने साझा लक्ष्यका साथ बान्डुङमा भेला हुनुभएको उल्लेख गर्दै भन्नुभयो, "बान्डुङ भावना सार्वभौमिकता र स्वनिर्णयको अधिकार, आपसी सम्मान, अहस्तक्षेप र विवादहरूको शान्तिपूर्ण समाधानको लागि आह्वान हो ।"

उहाँले बान्डुङ सम्मेलनले प्रारम्भ गरेको असंलग्न आन्दोलनको स्मरण गर्दै अधिकांश देशहरूको राजनीतिक स्वतन्त्रता, स्वाधीनता, औपनिवेशीकरणबाट मुक्ति र सार्वभौमिकताको प्राप्तिमा असंलग्न आन्दोलनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो ।

असंलग्न आन्दोलनले उन्नत भविष्यका लागि विखण्डित नभई एकजुट हुन प्रेरित गरेको सभामुख घिमिरेको भनाइ छ । रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दाम्पत्य जीवन सुखद रहनेछ। खर्च बढ्ने संकेत छ, सचेत रहनुहोस् ।

वृष : मित्र टाढिन सक्छन्, सचेत रहनुहोस् । नयाँ रोगको जोखिम छ ।

मिथुन : आर्थिक लाभ हुनेछ । शिक्षामा गरेको मेहनत सफल हुनेछ ।

कर्कट : स्वास्थ्यमा सुधार आउनेछ । मानसिक शान्ति बढ्नेछ ।

सिंह : योजनामा अवरोध आउन सक्छ । दृढताले सफलता मिल्नेछ ।

कन्या : सम्पत्ति आर्जनको अवसर मिल्नेछ । साथीभाइको सहयोग पाइनेछ ।

तुला : बोल्दा विचार पुर्याउनुहोस् । पुरानो रोगबाट मुक्ति मिल्नेछ ।

वृश्चिक : बोल्ने क्रममा विचार पुर्याउनुहोस् । शिक्षामा लगानी लाभदायक हुनेछ ।

धनु : परिश्रमको फाइदा आफन्तले उठाउन सक्छन् ।

मकर : झुटा आरोप लागन सक्छ । खर्च बढ्ने सम्भावना छ ।

कुम्भ: ईर्ष्यालु सक्रिय रहनेछन्, विवेकपूर्वक निर्णय लिनुहोस् ।

मीन : दाम्पत्य जीवन सुखद रहनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



प्रधानमन्त्री केपी शर्मा ओलीलाई **जनकपुरमा** मायाको चिनो प्रदान गर्नुहुँदै मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल । *तस्बिरःरासस*

# वामपन्थी एकतामा अध्यक्ष दाहालको जोड



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभाजित वामपन्थी शक्तिलाई वैचारिक र सांस्कृतिक ढङ्गले एकताबद्ध गर्न प्रगतिशील लेखकहरुले नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने बताउनुभएको छ ।

प्रगतिशील लेखक सङ्घको १३ औँ राष्ट्रिय सम्मेलनबाट निर्वाचित कार्यसमितिप्रति मंगलबार बधाई ज्ञापन गर्दै उहाँले वामपन्थी शक्ति एकजुट हुनुपर्नेमा जोड दिनुभयो । अध्यक्ष दाहालले त्यतिबेलाको पार्टी एकता जोगाउन नसके पनि एकताको झण्डा छोड्न हुँदैन भन्नेमा माओवादी प्रष्ट रहेको बताउनुभयो । "माओवादीको केन्द्रीय समितिले वामपन्थी एकताको प्रयास छाड्न हुँदैन भन्ने नीति नै पारित गरेको छ । हिजो विभाजन भएकाले अब एकता असम्भव भनेर सोच्नु मार्क्सवादी चिन्तन हुँदैन", उहाँले भन्नुभयो ।

कम्युनिष्ट आन्दोलनमा स्थापनाकालदेखि विचारमा बहस, विवाद र सङ्घर्ष हुँदै आएको उल्लेख गर्दै सङ्घर्षका बीचमा नै कम्युनिष्ट आन्दोलनको विकास हुने बताउनुभयो । सोमबार सम्पन्न सम्मेलनले देवीदुवाल क्षेत्रीको अध्यक्षतामा नयाँ केन्द्रीय समिति चयन गरेको हो ।रासस

# राष्ट्रपति पौडेलसँग राष्ट्रिय फोटो पत्रकार समूहको भेटघाट



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे नेपाल)ले मंगलबार शीतल निवासमा भेटघाट गरेको छ । सो समूहका अध्यक्ष प्रदीपराज वन्तको नेतृत्वमा गएको टोलीले फोटो पत्रकारहरूको योगदान, तस्बिर तथा समाचार सङ्कलनका क्रममा अग्रपङ्क्तिमा खटिँदा हुने सुरक्षा चुनौतीलगायत विविध विषयमा राष्ट्रपति पौडेललाई अवगत गराएको थियो ।

सो अवसरमा राष्ट्रपति पौडेलले सीमित स्रोतसाधन र जोखिमकाबीच कार्यक्षेत्रमा खटिनुहुने फोटोपत्रकारमाथि हुने जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थाको प्रत्याभूतिका लागि राज्य तथा सम्बन्धित सञ्चार गृह जिम्मेवारी बोधका साथ सचेत र सजग हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "तपाईंहरूले खिचेका तस्बिरले समाजमा सचेतना फैलाउन र समाचारलाई थप विश्वसनीय एवं तथ्यगत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

यस्तो चुनौतीपूर्ण एवं संवेदनशील क्षेत्रमा खटिनुहुने फोटो पत्रकारहरूको योगदानलाई सम्मानका साथ राज्यले उच्च मूल्याङ्कन गर्नेछ ।"

एनएफपिजे नेपालका अध्यक्ष वन्तले फोटो पत्रकारहरूको सुरक्षा सुनिश्चितताका लागि जीवन बिमालगायत सुविधाहरू उपलब्ध गराइदिने व्यवस्थाका लागि पहल गरिदिन राष्ट्रपति पौडेलसमक्ष अनुरोध गर्नुभयो ।

उहाँले भन्नुभयो, "फ्रन्टलाइनमा खटेर देशभर फोटो पत्रकारिता गरिरहेका साथीहरूले जोखिम मोलेर जिम्मेवारी निर्वाह गरिरहनुभएको छ, यस किसिमको विषम परिस्थितिमा फोटोपत्रकारहरूको सुरक्षा सुनिश्चित गर्न र जीवन बिमालगायत सुविधाका लागि आवश्यक पहल गरिदिनुहुन विशेष अनुरोध गर्दछु ।"

राष्ट्रपति पौडेलले फोटो पत्रकारहरूको मागलाई गम्भीरतासाथ लिनुभएको र सो प्रयोजनका लागि आवश्यक पहल गर्ने आश्वासन दिनुभएको एनएफपिजेका महासचिव घनश्याम श्रेष्ठले जानकारी दिनुभयो ।

सोही अवसरमा एनएफपिजे नेपालको २८औँ वार्षिकोत्सवका अवसरमा आगामी वैशाख १३ गते हुने राष्ट्रिय फोटो पत्रकारिता पुरस्कार-२०२५ विशेष कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी भइदिन राष्ट्रपतिसमक्ष निमन्त्रणापत्र हस्तान्तरण गरेको अध्यक्ष वन्तले जानकारी दिनुभयो ।

त्यसअवसरमा एनएफपिजे नेपालका वरिष्ठ उपाध्यक्ष लेखबहादुर श्रेष्ठ (सागर), उपाध्यक्ष सुनिल शर्मा, महिला उपाध्यक्ष चन्द्रकला क्षेत्री (भगवती), महासचिव घनश्याम श्रेष्ठ, सचिव प्रविन कुलुङ राई, कोषाध्यक्ष प्रदीपकुमार श्रेष्ठलगायत केन्द्रीय सदस्यहरूको उपस्थिति थियो ।रासस

# मन्त्रिपरिषद्मा पनि ३३ प्रतिशत महिला सहभागिता हुनुपर्छः सांसद मल्ल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय सदस्य सावित्री मल्ल विगत एक वर्षदेखि कर्णाली प्रदेश (महिलातर्फ)बाट सङ्घीय संसद, राष्ट्रियसभाको सांसद हुनुहुन्छ । तत्कालीन सत्तारुढ गठबन्धनको राष्ट्रियसभाको सदस्यमा उम्मेदार हुनुभएकी सांसद मल्लले नेकपा (एमाले)की नेत्री विमला शाहीलाई पराजित गर्नुभएको थियो । उहाँले विस २०४२ देखि महिला आन्दोलनबाट राजनीतिक यात्रा सुरु गर्नुभएको हो । (सांसद मल्लसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश)



महिलाका सवालमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छैन । संविधानको धारा ३८ को 'महिलाको हक'मा 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ' भनिए पनि त्यसको पूर्ण रूपमा कार्यान्वयन हुनसकेको छैन । त्यसैगरी प्रतिनिधिसभाको सवालमा धारा ८४ मा व्यवस्था गरिएको 'सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' व्यवस्था भने कार्यान्वयन भएको छ । यी विषय मन्त्रिपरिषद् गठनको सवालमा पनि लागू हुनुपर्छ । धारा ९१ र ९२ पनि संशोधन गरेर महिलामैत्री बनाउन जरुरी छ । महिला, दलित, मधेसी, आदिवासी, जनजातिलगायत उत्पीडित समुदायको सवालमा भएका संवैधानिक अधिकारको कार्यान्वयनसँगै थप अधिकारको निम्ति एकजुट भएर सङ्घर्ष गर्नुपर्ने बेला पनि आएको छ ।

देशमा रोजगारी सृजनाका लागि सरकारले योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । हचुवाका भरमा सरकार अगाडि बढ्नु हुँदैन । जनताका काम आवश्यकताका आधारमा गर्नुपर्छ । अहिले जनताले रोजगारी खोजिरहेका छन्, उनीहरूलाई रोजगारीको व्यवस्था गर्नका निम्ति बन्द भएका उद्योग सञ्चालन गर्नुपर्छ । बन्द हुने अवस्थामा पुगेका कलकारखानालाई सरकारले जोगाउन सक्नुपर्छ । सङ्घीय सरकारले पछाडि पारेको कर्णाली प्रदेशलाई बजेटमा प्राथमिकता दिनुपर्छ । यो प्रदेशको विकासका लागि मेरो तर्फबाट पहल गरिरहेकी छु । यो प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै माननीयहरूले प्रदेशको विकासका लागि पहल गर्नुपर्छ । समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने मेरो सपना छ ।

सांसद भएको एक वर्ष भयो । नेपालको संविधानले राष्ट्रियसभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रियसभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । संविधानले नै खासगरी सीमान्तकृत, लोपोन्मुख समुदायको राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रियसभाको आवश्यकता औँल्याएको छ । हामी राष्ट्रियसभाका सांसद, प्रदेशसभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुखको मतबाट सांसद बनेका हौँ । प्रदेशसभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुखको निर्वाचनमण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित र एक अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी ५६ जना निर्वाचित गरेको हो । सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तीन जना गरी राष्ट्रियसभामा हामी ५९ सदस्य रहेका छौँ ।

मुख्य गरी राष्ट्रियसभाले प्रदेशको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलन समेतलाई सम्बोधन गर्छ । एक वर्षको अवधिभरि संविधानअनुरुप कानुन बनाउने काम केन्द्रित भएकी छु । त्योसँगै जनताका सवाललाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउँदै आएकी छु । अस्थिर सरकार भएका कारण संविधानअनुसार सबै कानुन बन्न सकेका छैनन् । यद्यपि, राष्ट्रियसभामा टेबुल भएका कुनै पनि विधेयकलाई रोकिएको छैन । यो सभामा आएका विधेयकलाई हामीले गहिरो गरी अध्ययन गरेर, छलफल गरेर मात्र पारित गर्ने गरेका छौँ । ऐन, कानुन वा नियम बनाउँदा यो सभाले सकेसम्म समावेशिताको विषयमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । राष्ट्रियसभाको मुख्य विशेषता भनेको सभा समयमै सञ्चालन गर्नु हो ।

म राष्ट्रियसभाअन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिको सदस्यमा रहेर काम गरिरहेकी छु । यो समितिले नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, सूचना प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा काम गर्ने गरेको छ । समितिले विकास आयोजना, दिगो विकास, समन्वायिक एवं सन्तुलित विकास, लगानी र जनसङ्ख्या व्यवस्थापनमा पनि काम गर्दै आएको छ । समितिको पनि मुख्य विशेषता भनेको समयमै बैठक सुरु गर्नु हो । अहिलेसम्म गणपूरक नपुगेर बैठक स्थगन गर्नुपरेको छैन । कुनै पनि विषयमा विस्तृत रूपमा छलफल हुन्छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच एकरुपता र समन्वय नभएका कारण संविधानको पूर्ण कार्यान्वयन हुनसकेको छैन । नेपालको संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकअन्तर्गतका कतिपय कानुन बन्न बाँकी छ । संविधानलाई आवश्यकताका आधारमा संशोधन गरेर समय सान्दर्भिक बनाउनुपर्छ । जस्तो संविधानको धारा ७० मा 'राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुने' भनिएको छ । यसलाई संशोधन गरेर राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गर्नुपर्छ । यद्यपि हाम्रो पार्टीले संविधान संशोधन गर्नुपर्ने विषयका बारेमा नेता तथा सांसद प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको । कुन-कुन विषयमा संशोधन गर्नुपर्ने भन्ने विषय पार्टीले छिट्टै टुङ्गो लगाउने छ ।

सङ्घीयतालाई अझै सुदृढ र बलियो बनाउनका लागि सदाचार नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । रासस

## मातृशिशु मृत्यदर घटाउन मुलुक सफल

काठमाण्डु । मुलुकमा मातृ र नवजात शिशु मृत्यदर घटाउन राज्यलाई सफलता मिलेको छ । हालै सार्वजनिक भएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनमा नेपाल सरकारको सफलता उल्लेख छ ।

नेपालमा प्रतिलाख जीवित जन्ममा १४२ जना आमाको मृत्यु हुने गरेको छ । सन् २००० को तुलनामा यो ७१ प्रतिशतले कम हो । राष्ट्रिय जनगणना २०७८ मा एक लाख जीवित जन्ममा १५१ जना आमाको मृत्यु हुने गरेको उल्लेख थियो । प्रतिवेदनअनुसार नवजात शिशु मृत्युदर घटेर प्रतिएक हजारमा १६.६ जना पुगेको छ । आर्थिक सर्वेक्षण २०७९/८० मा नवजात शिशुमृत्युदर प्रतिएक हजारमा २१ रहेको थियो । सन् २०३० सम्ममा नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १२ प्रतिशतले झार्ने लक्ष्य छ ।

मातृ तथा नवजात शिशुमृत्युदर घटाउन उल्लेखनीय प्रगति भए पनि प्रदेश र जिल्लाबीचका स्वास्थ्य असमानताले धेरै महिला गुणस्तरीय प्रसूति सेवाको पहुँचबाट वञ्चित भएका प्रतिवेदनमा जनाइएको छ ।

प्रतिवेदनअनुसार सन् २००० देखि २०२३ सम्ममा मातृ मृत्युमा विश्वव्यापी रूपमा ४० प्रतिशतले कमी आएको छ । सन् २०१६ पछि सुधारको गति सुस्त भएको छ । रासस

## संयुक्त राष्ट्रसङ्घीय आयोगमा स्वास्थ्यमन्त्रीको सम्बोधन

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा आज आयोजित जनसंख्या तथा विकास आयोगको ५८औँ सत्रलाई सम्बोधन गर्नुभएको छ ।




त्यस अवसरमा मन्त्री पौडेलले पछिल्ला तीन दशकमा नेपालले मातृ तथा सुत्केरीसँग सम्बन्धित मृत्युमा महत्वपूर्ण प्रगति हासिल गरेको बताउनुभयो । दक्षता तथा परिवार नियोजनका साधनको प्रयोगमा वृद्धि तथा प्रजनन क्षमता र किशोरावस्थाको जन्मदरमा कमी तथा बालविवाह घटाउनसमेत नेपालले सफलता पाएको मन्त्री पौडेलले बताउनुभयो ।

"नेपाल आफ्नो स्वास्थ्य प्रणाली सबल बनाएर हरेक नागरिकलाई स्वास्थ्य सुविधा प्रदान गर्न प्रतिबद्ध छ", मन्त्री पौडेलले भन्नुभयो, "तर, यो हामी एक्लैले मात्र गर्न सम्भव छैन ।" उहाँले अन्तरराष्ट्रिय सहकार्य र ऐक्यबद्धताबाट मात्र सम्भव रहेकामा जोड दिनुभयो । स्वास्थ्य क्षेत्रमा बजेटको सीमितता तथा प्रतिव्यक्ति स्वास्थ्य खर्च विश्वव्यापी दरका तुलनामा कम भएका कारण ग्रामीण क्षेत्रमा पर्याप्त पूर्वाधार विकास तथा स्वास्थ्य संस्थाको कमी हुनाले स्वास्थ्य पहुँचमा कठिनाइ भोग्नु परेको मन्त्री पौडेलको भनाइ थियो ।

जलवायु परिवर्तनका कारण नेपालको स्वास्थ्य क्षेत्रले कठिनाइ बेहोर्नु परेको बताउनुभयो । स्वास्थ्य तथा जनसंख्यामन्त्रीको निजी सचिवालयका अनुसार विकास सहायतामा कमीका कारण नेपालजस्ता देशले चुनौतीको सामना गर्नुपरिरहेको उहाँले बताउनुभयो ।

"यो समस्या सम्बोधन गर्न हामी नेपाललाई विकास सहायता वृद्धिका लागि विशेष जोड दिन्छौँ", मन्त्री पौडेलले भन्नुभयो ।रासस

## 'कांग्रेसभित्र समीक्षा जरुरी'

चीचतवन ।नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीभित्र आन्तरिक समीक्षाको जरुरी रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस चितवनले मंगलबार आयोजना गरेको ३५ औं जनआन्दोलन दिवसको सन्दर्भ तथा नयाँ वर्ष २०८२ को शुभकामनासहित कांग्रेस नेता 'भीमबहादुर श्रेष्ठको जीवन सङ्घर्ष र अनुभूतिहरु' पुस्तक विमोचन तथा भित्तेपात्रो लोकार्पण गर्दै उहाँले कांग्रेसभित्रको समीक्षा हुन नसक्दा लक्ष्यमा पुग्न कठिन भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विसं २०६२/०६३ को जनआन्दोलन पछिका वर्षहरुमा कांग्रेस कहाँनेर चुक्यो भन्ने कुराको समीक्षा जरुरी छ ।

" उहाँले भन्नुभयो, "हामीले राम्रा काम पनि गरेका छौं तर नराम्रा कामहरुको समीक्षा गरेर अघि बढ्न सके लक्ष्यमा पुग्न सकिन्छ ।" कांग्रेस कमजोर हुँदा लोकतन्त्र कमजोर भएको बताउँदै उहाँले कांग्रेसलाई बलियो बनाउन गुटको अन्त्य आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "कांग्रेसलाई बलियो बनाउने हो भने चिया पसलमा बसेर कांग्रेसको खुट्टा तान्ने काम नगरौं । पार्टीलाई बलियो बनाउने काम गरौं ।"

अहिले दिनहुँ जनता सडकमा आउनुपर्ने बाध्यताको अन्त्य गर्नसकेमा मात्र सरकारमा भएको अनुभूति हुने उहाँको भनाइ थियो । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एनपी साउद, गोविन्द भट्टराई, टेकप्रसाद गुरुङ, दिनेश कोइरालालगायतले जनतालाई बलियो बनाउन लोकतन्त्र बलियो बन्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा नेपाली कांग्रेस चितवनका पूर्वसभापति कृष्णलाल सापकोटा, नेपाली कांग्रेसका नेता मिलनबाबु श्रेष्ठ, जिल्ला सभापति राजेश्वर खनालले भीमबहादुर श्रेष्ठको योगदानका बारेमा चर्चा गर्नुभएको थियो ।रासस


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
जनकपुरधाम, धनुषा, नेपाल


बोलपत्र रद्ध गरिएको सूचना ।

(सूचना प्रकाशित मितिः २०८१/१२/२७

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधाम, धनुषाको मिति २०८१/१२/२० गतेको निर्णयानुसार तपसिलको ठेक्काहरुको वोलपत्र प्राविधिक परिक्षणमा उतिर्ण नभएकोले सो वोलपत्र अस्वीकृत भएको व्यहोरा सबै सरोकारवालालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

1. IFB NO. MP/ PHLMC/NCB/GOODS-2/2081-082 The Procurement and Supply Of Medicines For Sexually Transmitted Disease.
2. IFB NO. MP/PHLMC/NCB/GOODS-9.1/2081-082 The Procurement and supply of Medicines for Non-communicable Diseases (Package 1)
3. IFB NO. MP/PHLMC/NCB/GOODS-11.1/2081-082 The Procurement and supply of Medicines for Non-communicable Diseases (Package 1)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनकपुरधामलाई ध्यान देउ सरकार

नेपालमा धार्मिक पर्यटकीय स्थलको रुपमा प्रमुख पशुपतिनाथ, जानकी मन्दिर, लुम्बिनी, मुक्तिनाथलगायतका स्थलहरु छन् । सीतामाताको जन्मस्थलको रुपमा जनकपुरधामको संसारभरि नै पहिचान छ । रामायणमा वर्णन गरिए अनुसार जनकपुरधामले संसारभरि प्रसिद्धि पाएको छ । त्रेतायुगमा भगवान सीताको अयोध्याका राजकुमार भगवान रामसित विवाह भएको थियो । त्यो विषय रामायणमा वर्णित छ । सीतामाताको जन्मस्थल तत्कालीन मिथिला रहेको बताइएको छ । सीता मातासित जोडिएका स्थलहरुको विषयमा अनुसन्धान भएको छैन । रामायणमा उल्लेख गरिएका सीताराम बिबाहमहोत्सवसित जोडिएका स्थलहरुको खोजी गर्न आवश्यक छ । सीतामाताको विवाह मणिमण्डपमा भएको मान्यता छ । तर त्यसको प्रमाणित पक्षको खोजी भएको छैन । मान्यता अनुसारको स्थलको विकास पनि भएको छैन । धनुषाधाममा धनुषको टुक्रा खसेको मान्यता छ । तर त्यो स्थलको पर्यटकीय दृष्टिकोणले विकास गरिएको छैन । सीताको जिवनसित जोडिएका पक्षहरुको विकास गर्न आवश्यक छ । भारतको बिहार राज्यको सीतामढी जिल्लामा पुनौराधामलाई भारतीयहरुले सीतामाताको प्रकाट्यस्थलको रुपमा स्थापित गरिसकेका छन् । त्यहाँ पनि सीतामाता प्रकट भएको ठोस प्रमाण छैन । तर त्यसलाई प्रकाट्यस्थलको रुपमा भारतीयहरुले गरेको दाबीलाई नेपाली पक्षले पनि समर्थन गरेको कारण बल मिलेको छ । भारत सरकारले त्यहाँको विकासमा अर्बौं रुपैयाँ खर्च गरिरहेको छ । अयोध्यामा भगवान रामको मन्दिर बनेपछि हिन्दू पर्यटकहरुको भारी भीड लाग्न थालेको छ । अयोध्यामा भगवान रामललाको दर्शन गर्ने श्रद्धालुहरु मध्ये अधिकांशले सीतामाताको दर्शन गर्न चाहन्छन् । भारत सरकारले सीतामढीको पुनौराधामलाई अयोध्यासित जोड्न ४ लेनको सडक निर्माण गर्न थालेको छ । त्यो तीन वर्ष भित्र पुराहुने बताइएको छ । नेपाली सीमा भिठ्ठामोडदेखि उत्तरप्रदेशको सीमा सम्मको २ सय ४० किलोमिटर लामो सडक निर्माणको ठेक्का पनि भारत सरकारले लगाइसकेको छ । भारतको राजधानी नयाँदिल्लीसित सीतामढीलाई द्रुत रेलमार्गसित जोडिन थालिएको छ । १२ घण्टामा रेलबाट सीतामढीबाट दिल्ली पुगिनेछ । तर जनकपुरधामप्रति नेपाल सरकार पूर्ण रुपमा उदासीन छ । भारतीय सीमासित जोडिने जनकपुरधाम भिठ्ठामोड सडकलाई ४ लेनको बनाउन अनिवार्य छ । सडकको काममा अत्यधिक ढिलाइ भइरहेकाले त्यसलाई समयमै पूरा गराउन सरकारले विशेष ध्यान दिनुपर्छ । जानकी मन्दिरको संरक्षण संबर्द्धनमा सरकारले विशेष ध्यान दिन आवश्यकछ । जानकी मन्दिरमा आफू खुशी गरिने विभिन्न निर्माण लगायतका कार्यहरुले पुरातात्विक महत्वमाथि नै संकट उत्पन्न भएको छ । मन्दिरको संरक्षणका लागि सरकारले ध्यान दिएको छैन । जानकी मन्दिरलाई जोगाएर समयानुकूल व्यवस्थापन गर्न सके पर्यटनको क्षेत्रमा उलेख्य उपलब्धि हुन सक्छ । रामयणमा वर्णन गरिएका स्थलहरु जनकपुरधाम र वरिपरि रहेकाले त्यसको खोजी र संरक्षण गर्न सरकारले ढिलाइ गर्न हुँदैन ।

# गणतन्त्र नै किन ?

**डा. भोगेन्द्र मिश्र**

निराशाको चरम अवस्थामा रहेका नेपालीले फागुन २५ गते राजालाई गरेको स्वागतपछाडि देशमा नयाँ खालको बहस सुरु भएको छ । आशातीत रूपमा विकास निर्माणले गति लिन नसकेको सन्दर्भमा यो बहस कुन व्यवस्था राम्रो भन्ने विषयमा केन्द्रित छ । लोकतन्त्र पक्षधरहरूले देशमा भएको पछिल्लो व्यवस्था परिवर्तनपछाडि देशमा केही मात्रामा भए पनि विकास भएको भन्ने गरेका छन् । राजतन्त्रवादीले भने नेपालमा भएको हालको विकासलाई समय र प्रविधिले ल्याएको विकासको बाछिटा मात्रै ठान्छन् ।

नयाँ राजनीतिक दलले राजतन्त्रलाई खुला समर्थन नगरे पनि विकासको सन्दर्भमा उस्तै दृष्टिकोण राखेको पाइन्छ । यो कसले गर्दा भएको विकास हो ? लोकतन्त्र पक्षधर दलले काम नगरेको वा गरेको प्रमाणित गर्नु अत्यन्त पेचिलो र जटिल विषय हो । हालसम्म सन् १९९० पछि गरिएको भनिएका तथ्यांक प्रस्तुत गरिएका सयौं लेख प्रकाशित छन् तर कसैले यसमा विधिसम्मत् अध्ययन गरेको प्रमाण भेटिँदैन । यस सम्बन्धमा कुनै अनुसन्धान केन्द्रले स्वतन्त्र रूपमा विश्वसनीय अध्ययन गर्न आवश्यक छ ।

यस लेखमा कोरा तथ्यांक मात्र प्रस्तुत नगरी तत्कालीन अवस्थामा नेपाल र विश्व परिवेशसँग दाँजेर तुलनात्मक तथ्यांकसहित विश्लेषण गर्ने कोसिस गरिएको छ, जुन अनुसन्धान पद्धति अनुरूपको पूर्ण अध्ययन भने होइन तर कोरा तथ्यांक मात्रै प्रस्तुत गर्नु भन्दा केही हदसम्म विश्वासिलो भने छ ।

पहिला लागौं, केही तुलनात्मक तथ्यांक विश्लेषणमा ।

**१) विद्युतीकरण**

विद्युत् उपलब्ध भएको संख्या सन् १९९० मा संसारभरको औसत ७० प्रतिशतबाट २०२२ मा ९१ प्रतिशत (थपिएको २१ प्रतिशत) पुगेको छ । नेपालको हिसाब गर्ने हो भने सोही अवधिमा ३० प्रतिशतबाट संसारभरिको औसतभन्दा माथि झन्डै ९९ प्रतिशत (थपिएको ६९ प्रतिशत) रहेको छ । विद्युतीकरणमा यति ठुलो फड्को मार्नुमा सन् १९९० अगाडि र पछाडिको प्राविधिक परिवर्तन मात्रै नभई देशभित्रको राजनीतिक परिवर्तनसँगै वि.सं. २०४८ पछाडिको पहिलो सरकारले निजी क्षेत्रलाई विद्युत् विकासमा लगानी गर्न दिने नीति लिनुको परिणाम हो ।

साक्षरताको कुरा गर्दा विश्वभरिको औसत साक्षरता सन् १९९० बाट २०२२ मा ७६ प्रतिशतबाट ८७ प्रतिशत (प्लस ११) पुग्यो भने नेपालको ३३ प्रतिशतबाट ७२ प्रतिशत (प्लस ३९ प्रतिशत) भन्दा माथि पुगेको छ । यस अवधिमा हामी विश्वको औसत साक्षरता दरको नजिक पुगेका छौं । यसमा पनि प्रविधिको ठुलो रोल देखिँदैन ।

एसियामा सन् १९६० र १९७० को दशकमा भएको हरित क्रान्तिले गर्दा भएको उत्पादकत्व वृद्धि कुर्न नेपालले सन् १९९० कुर्नुपर्‍यो । तथ्यांक नहेरी कतिपयले भन्छन्– उतिबेला धान निर्यात गर्ने देश अहिले आयात गर्छौं । उतिवेला पहाड र हिमालमा रहेको दुइतिहाइ जनसंख्यालाई भोकमरीमा पारेर निर्यात गरिन्थ्यो, उत्पादन र उत्पादकत्व धेरै भएर होइन, बाटोको अभावमा ढुवानी गर्न नसकी धान निर्यात गर्नुपरेको थियो ।

दोस्रो विश्वयुद्धपछाडि संसारभरि व्यापक विस्तार भएको टेलिफोन र टेलिभिजन सन् १९९० को दशकसम्म युरोप र अमेरिकामा ९० प्रतिशतभन्दा धेरै घरमा पुगेको थियो । नेपालमा किन १.२५ प्रतिशत घरमा सीमित भयो होला । यो प्रविधि त उतिबेलै विकास भएको थियो, सीमित धनाढ्य र दरबारियाहरूको घरमा त नेपालमा पनि पुगेको थियो । नेपाल टेलिभिजन स्थापना गर्नुअगाडि दरबारमा दूरदर्शन लगायत विदेशी टीभी च्यानलहरू उपलब्ध थिए । प्रविधि त्यतिवेला पनि थियो, तर जनतालाई उपलब्ध गराइएन ।

एसियामै पहिलोपटक बनेको भनिएको फर्पिङ जलविद्युत् योजना अहिले पनि छ, यसको बिजुली किन सर्वसाधारणले पाएनन् ? एकपटक सोच्नुस्, प्रविधि विकासले मात्रै घर-घरमा सेवा-सुविधा नपुग्ने रहेछ, यसलाई अपनाउने उपयुक्त नीति तय गरी कार्यान्वयनमा नगएसम्म खासै केही हुँदैन ।

सन् १९९० को परिवर्तनअगाडि विश्वबजारमा उपलब्ध प्रविधि, त्यसको प्रयोग वा चेतनाको विकासलाई वीरगन्ज, सुनौली वा तातोपानीमा रोकियो । यो भनेको, नेपालमा यस्ता सुविधा सर्वसाधारणका लागि खुला गरिएन । सन् १९९० को परिवर्तनपछाडि मात्रै राज्यसत्तामा आएकाले नागरिकका लागि यस्तो सुविधा खुला गरे । त्यतिबेला अवलम्बन गरेको नीतिगत परिवर्तनका कारण हाल हामीले विश्वभर उपलब्ध उच्चतम प्रविधि नेपालमा प्रयोग गर्न पाएका छौं ।

विश्वभरिको औसत साक्षरता सन् १९९० बाट २०२२ मा ७६ प्रतिशतबाट ८७ प्रतिशत (प्लस ११) पुग्यो भने नेपालको ३३ प्रतिशतबाट ७२ प्रतिशत (थपिएको ३९ प्रतिशत) भन्दा माथि पुगेको छ । यस अवधिमा हामी विश्वको औसत साक्षरता दरको नजिक पुगेका छौं । यसमा पनि प्रविधिको ठुलो रोल देखिँदैन ।

हाल नेपालमा झन्डै शतप्रतिशत बसोबासयोग्य भूभागमा मोबाइल नेटवर्क उपलब्ध छ । सन् २०२१ को जनगणनाको तथ्यांक अनुसार ७३ प्रतिशतभन्दा धेरै नेपालीले मोबाइल फोन प्रयोग गरिरहेका छन् । जबकि डाटापोर्टलको तथ्यांक अनुसार सन् २०२४ मा संसारभरि जम्मा ७०.५ प्रतिशत मानिसले मोबाइल फोन प्रयोग गर्छन् । 'जीएसएमए इन्टेलिजेन्स'को पछिल्लो प्रतिवेदन अनुसार अफ्रिकाको सब-सहारा क्षेत्र (नेपालजस्तै अतिकम विकसित देश भएको क्षेत्र) मा भने २०२३ को अन्त्यसम्मको तथ्यांक अनुसार जम्मा ४४ प्रतिशत मानिसले मोबाइल फोन प्रयोग गर्छन् । एकै समयमा उपलब्ध प्रविधि नेपालमा किन संसारको औसतभन्दा माथि भयो र सब-सहारा क्षेत्रमा किन भएन ? सोझो उत्तर छ, प्रविधिको विकासले मात्रै उपलब्धता र प्रयोग बढ्न सक्दैन् । यसको विकास र प्रयोगमा विविध अड्चन रहेका हुन्छन् ।

सन् १९९० सम्म राज्यद्वारा खडा गरिएका विविध अड्चन थिए, तिनलाई सन् १९९० को परिवर्तनपछाडि बिस्तारै फुकाउँदै लगेकाले हालको अवस्थामा पुगेका हौं, प्रविधि विकास हुँदैमा सबैतिर प्रयोगमा आउन सक्दैन वा दिँइदैन ।




**नागरिकमा देखिएको असन्तुष्टि ?**

तथ्यांक हेर्दा देशमा थुप्रै काम भएको देखिन्छ तर जनता किन असन्तुष्ट छन् ? किन नेतृत्वलाई तथानाम गाली गरिरहेका छन् त युवापुस्ता ? यसको जवाफ हो – सन् १९९० पछाडि हामीकहाँ जे जति विकास भयो, त्यसमा ठुला दलका शीर्ष नेतृत्वले केही हदसम्म नीति परिवर्तन र खुला अर्थतन्त्र लागु गर्नेबाहेक खासै केही गरेनन् । यिनले अंगीकार गरेको खुला बजारको नीति र खोलेको वैदेशिक रोजगारको ढोकाको प्रभाव हालको विकास हो ।

पछिल्लो सर्भेले नागरिकको अवस्था परिवर्तन भएको तर राजनीतिले बाटो नसमातेको भन्ने देखाउँछ । बरु शीर्ष नेतृत्व चरम भ्रष्टाचारमा लीन भयो । हाल भएको विकासको श्रेय खालि हामीले अंगीकार गरेको व्यवस्था र यससँग आएको नीतिलाई दिनुपर्छ । यो व्यवस्था ल्याउने बिन्दुसम्म यिनको योगदान रहेको छ, त्यस पछाडिको विकास बजारले गर्‍यो । देशले अंगीकार गरेको सकारात्मक व्यवस्थाले गर्दा निजी क्षेत्रले केही हदसम्म विकास गर्न सक्यो, वैदेशिक रोजगारी खुल्यो, नागरिकमा आम्दानीको स्रोत बढ्यो ।

**यिनले केही गरेनन् भन्ने कुराको प्रमाणस्वरूप केही थप दृष्टान्त :**

**दृष्टान्त १**

विविध कारणले मानिसको आम्दानी बढ्न थालेपछि गाउँबाट सहरमा बसाइँसराइ बढ्न थाल्यो । त्यति बेला नेतृत्वले व्यवस्थित सहरीकरणका लागि योजना तर्जुमा गर्न सकेको भए आज हामीले अस्तव्यस्त सहर भोग्नुपर्दैनथ्यो ।

**दृष्टान्त २**

शिक्षा सबैको पहुँचमा थिएन, नीतिगत रूपमा प्राथमिकतामा राखियो, वैदेशिक सहयोग पनि प्राप्त भयो र कार्यान्वयन पनि गरियो । फलस्वरूप विद्यालय खुले, शिक्षा सबैको पहुँचमा पुर्‍याइयो तर न गुणस्तरीय शिक्षाका लागि उपयुक्त पाठ्यक्रम विकास गरियो न त शिक्षकको दक्षता विकास गर्न सकियो । फलतः सबैको पहुँचमा पुगे पनि जनताले गुणस्तरीय शिक्षा पाएनन् ।

**सडक पूर्वाधार**

२०४६ पछाडि नै हो देशका ९० प्रतिशत जनताले बुल्डोजर, क्रेन लगायत पूर्वाधार निर्माणमा प्रयोग हुने भीमकाय औजार देखेको । गाउँ-गाउँमा गएर तिनले बाटो खने तर योजनाविना देशैभरि पहिरो र बाढीको प्रकोप बढ्नुमा एउटा कारण यो पनि हो । बाटो बन्यो तर त्यो बाटो धेरैको काल पनि भयो । नेतृत्वले यसलाई योजना बनाएर दिगो विकासको बाटो कोर्नुपर्थ्यो, त्यसो भएन ।

राजनीतिक नेतृत्वले विकास पूर्वाधारका लागि दिगो प्रणाली स्थापना गर्न र क्षमता विकास गर्न सकेनन् । विकास गरिएका परियोजना आफू नजिकको ठेकदारलाई पार्न, योजना र निर्माणभन्दा त्यसबाट आउन सक्ने कमिसनमा नेतृत्वको ध्यान गयो । फलस्वरूप देशमा भ्रष्टाचार व्यापक भयो । सँगसँगै नातावाद तथा चरम राजनीतीकरण गरियो र अन्त्यमा प्रणाली नै बदनाम बन्न पुग्यो । जुन अहिलेको असन्तुष्टिको कारण बन्न पुग्यो । दलको नेतृत्व यति भ्रष्ट नभएको र यति धेरै राजनीतीकरण नगरिएको भए यति नै विकास हुँदा यति धेरै असन्तुष्टि नहुन सक्थ्यो ।

**नागरिक असन्तुष्टि प्रकटको बाटो**

यसरी बढेको असन्तुष्टिका कारण पछिल्लो निर्वाचन (२०७९) मा रास्वपा, बालेन वा हर्क लगायतको आकर्षण बढ्यो । यो युवा जमातको ठुलो हिस्सा आजभोलि 'राजा आउ देश बचाउ' भन्ने नारा लगाएको देखिन्छ, सुनिन्छ । उनीहरूको आशा छ, राजा आएर भ्रष्ट नेतालाई जेल हाल्छन् । देशमा स्थायित्व हुनेछ र विकास निर्माणले गति लिनेछ, वा उद्योग-धन्दा खुलाउनेछन् र रोजगारी बढ्नेछ । उनीहरूलाई लागेको छ, राजाले अभिभावकत्वको भूमिका निभाउनेछन्, देशभित्र मात्रै होइन विदेशमा समेत देशको इज्जत बढ्नेछ ।

यसैबिच राजतन्त्र पक्षकाले हजारौं राजा (हाल स्थानीय तहमा रहेका अध्यक्ष वा मेयरहरूलाई भनिएको होला)को सट्टा एउटा राजा पाल्ने भनेका छन् ।

त्यसै अवसरमा पूर्वदरबारियाले महेन्द्रकालीन ट्रलीबस, बाँसबारी छाला-जुत्ता कारखाना लगायतको उदाहरण दिँदै नेपाल पहिला स्वर्ग थियो भन्ने भाष्य स्थापित गर्न खोजेको देखिन्छ । यसैबिच दलहरूले हिलो छ्यापाछ्याप गरेर अर्कोभन्दा आफू राम्रो देखिने दौडमा लाग्दा सबैको मुखमा हिलो देखिएको छ । राजावादीले गरेको राजाको राम्रो प्रचार र दलहरूले आफू-आफूमा गरेको हिलो छ्यापाछ्यापले गर्दा एउटा जमात वा पुस्तालाई राजाको कित्तामा पुर्‍याउन ठुलो सहयोग मिलिरहेको छ । यस्तो जमात वा पुस्ता टिकटकमा ३० सेकेन्डको भिडियो हेरेर धारणा बनाउँछ । यो पुस्तालाई देशको पहाड र हिमालको दुईतिहाइ जनसंख्यालाई भोकै राखेर तराईको धान भारत निर्यात गरिन्थ्यो भन्ने कसैले बुझाएन, खालि निर्यात मात्रै देखाइयो । बोकेर ल्याएका सवारी-साधन काठमाडौंमा चलाएको कुरा बुझाइएन, अव्यवस्थित सहरीकरण अगाडिको प्रकृतिले भरिपूर्ण काठमाडौंको सडकमा गुडेको एउटा कारको फोटो देखाइयो ।

हाल एकातर्फ राजा आएर चरम भ्रष्टाचारमा लिप्त नेतृत्वलाई भ्रष्टाचारी करार गरेर जेल हाल्नेछन् र फोटोमा देखाएजस्तै देश बन्नेछ भनेर प्रचार गरिएको छ, अर्कोतर्फ हालको नेतृत्व सुध्रिने कुनै छनक देखिएको छैन, त्यसैले पछिल्लो पुस्ता सडकमा ओर्लन तम्तयार देखिएको छ ।

**राजा फर्के भने के होला ?**

राजा फर्के भने के हुन्छ, कसरी विकास गर्छन्, उनको रोडम्याप के हो ? केही बाहिर आएको छैन तर संसारभरिको प्रचलन हेर्दा राजसंस्थाका दर्जनौं मोडल उपलब्ध भए पनि नेपालको इतिहास र राजा समर्थकको कुरा सुन्दा दुईमध्ये एक मोडलमा आउन सक्छन् ।

१) पूर्ण राजतन्त्र : २०४६ अगाडिको मोडल र २०५९-२०६३ सम्म ज्ञानेन्द्रले अपनाएको मोडल अर्थात् सम्पूर्ण शक्ति आफूमा निहित राखेर राज्य सञ्चालन गर्ने मोडल ।

२) संवैधानिक राजतन्त्र : २०४६ बाट २०५९ सम्मको जस्तै संवैधानिक राजतन्त्र ।

पहिलो मोडल लागु भएको अवस्था

अहिलेसम्म राजा आउनुपर्ने पक्षमा रहेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी वा अन्य कसैले पनि यो मोडलका बारेमा कुरा गरेका छैनन्, त्यसैले यो मोडल आउँदैन भन्ने देखिन्छ । तर पनि राजाले त्यस्तै सोचेका रहेछन् र ल्याए भने राजाले अहिले सतहमा रहेका कुन समस्या समाधान गर्न सक्लान् ? हामीसँग उपलब्ध स्रोत-साधन, संसारभरि गरिब देशहरूलाई दिइँदै आएको सहयोग घट्ने क्रममा रहेको अवस्था तथा त्यस परिवर्तनले गर्दा उत्पन्न अस्थिर राजनीति वा त्यसपछि राजाको विरुद्धमा रहेका दलहरूबाट हुने प्रतिआन्दोलनका कारणले हुने पुँजी पलायनले गर्दा राजाले चाहँदा पनि अहिले भएको भन्दा थप केही काम गर्न सक्ने त कुरै छाडौं अहिलेको जति काम गर्न सक्ने सम्भावना देखिँदैन । त्यसमाथि देशमा कुनै भरपर्दो शक्तिविना देश चलाउन निकै कठिन हुनेछ । त्यसपछि हुने आन्दोलनलाई निस्तेज पार्नका लागि नागरिकले अहिले उपभोग गर्दै आएका कतिपय सञ्चार लगायत सेवा-सुविधा खोसिने वा सञ्चालनमा रोक लाग्दा चाँडै नागरिकमा असन्तुष्टि चुलिनेछ । फलस्वरूप राजा हटाउन पछिल्लोपटक जस्तो तीन वर्ष कुर्नुपर्नेछैन । तर त्यो सम्पूर्ण संक्रमणलाई व्यवस्थापन गर्दा कम्तीमा पनि एक दशक अलमलमा बित्नेछ वा भनौं अर्को एक दशक खेर जानेछ ।

**दोस्रो मोडल**

हाल आन्दोलनमा भएको शक्तिले संवैधानिक राजतन्त्र भनिरहेका छन् । प्रदेशहरू खारेज गरेर हाल भएको राष्ट्रपतिलाई राजाले प्रतिस्थापन गर्ने मोडल हो यो । यस मोडलमा राजाको राजनीतिक अधिकार हुनेछैन, त्यसैले हालका राष्ट्रपतिजस्तै शक्तिविहीन राजा हुनेछन् । अरू कुरामा कुनै परिवर्तन हुनेछैन । यिनै नेताहरू हुनेछन्, कर्मचारीहरू यिनै र कार्यकर्ताहरू यिनै ।

संवैधानिक राजा, जोसँग कुनै राजनीतिक अधिकार हुँदैन भने देशका लागि के योगदान गर्न सक्छन् ? केही परिवर्तन हुनेछैन । त्यसैले यो मोडलमा राजा आउनु र नआउनुले केही फरक हुने देखिँदैन, हाल भइरहेको व्यवस्थामा भइरहेका काम कारबाहीमा । जनताका छोराछोरी राष्ट्रप्रमुख हुने अवसरबाट वञ्चित गराएर एउटा व्यापारी तथा विवादास्पद छवि भएका व्यक्तिलाई राष्ट्रप्रमुख बनाउनु शिवाय केही फरक पर्नेछैन ।

यस मोडलमा संघीयता खारेज हुन सक्छ, त्यसो गर्दा प्रशासनिक खर्च घटाउन सकिन्छ भन्ने विश्वास गर्ने ठुलो जनसंख्याले यसलाई स्वागत गरे पनि जनजाति र सीमान्तकृत नागरिकको ठुलो समूह संघीयताको पक्षमा रहेकाले संघीयता खारेजी गर्दा देश दीर्घकालीन द्वन्द्वमा जाने खतरा बढ्ने देखिन्छ ।

त्यस्तो द्वन्द्वबाट हुन सक्ने क्षति संघीयता सञ्चालन गर्दा हुने खर्चभन्दा ठुलो हुने खतरा देखिएको छ, जसले पनि हामीले चाहेको विकसित देश निर्माणमा थप समस्या उत्पन्न हुन सक्छ ।

अन्त्यमा, संसारमा अहिलेसम्म व्यवस्था परिवर्तनपछाडि पछिल्लो व्यवस्थाका शीर्ष नेतालाई भ्रष्टाचारको आरोपमा जेलमा हालेको इतिहास बिरलै छन् । नेपालमै हेरौं, न २०४६ अगाडिका भ्रष्ट भनिएकालाई कारबाही गरियो, न २०६२/६३ अगाडिका भ्रष्टलाई, न त राजाले २०५९ मै ।

# रासस मेरो गुरु

**भैरव रिसाल**

राससमा मेरो जागिरको यात्रा २०२० भदौ २० गतेदेखि सुरु भएको हो । 'हालखबर' दैनिक बन्द भएपछि म काम खोज्दै जाँदा २०१६ सालमा सगरमाथा संवाद समिति (ससस)मा पुगेँ । त्यस बेला नेपालमा जम्मा दुई समाचार समाचार समिति थिए, ससस र नेसस । सससका सञ्चालकमा शङ्करनाथ पन्त र पशुपतिदेव पाण्डेहरू थिए भने नेसस सञ्चालक समितिमा गोविन्द वियोगीहरू थिए । सससको कार्यालय आदित्यध्वज जोशीको घर, खिचापोखरीमा थियो । त्यहाँ मैले केही समय काम गरेँ । सो कार्यालयको अवस्था पनि तन्नम थियो । आर्थिक रूपले जर्जर भएको पत्रिकालाई चन्दा खोजेरै भए पनि बचाएको मेरो जीवनमा उदाहरण छ । समाचार सङ्कलनमा होस् वा पैसा सङ्कलनमा, खोज्नुपर्ने काम आएपछि म एकदम मेहनत गर्थें । सससमा मेरो कार्यकाल छोटो रह्यो ।

यता मेरो घरको आर्थिक अवस्था निकै कमजोर थियो । केन्द्रीय तथ्याङ्क विभागले २०१८ सालमा गरेको राष्ट्रिय जनगणनामा नेपालको सुदूरपश्चिम क्षेत्रमा र २०१९ सालमा कृषि गणनामा इलाममा मैले २६ महिना अस्थायी 'सेक्सन अफिसर' भएर काम गरेँ । त्यसपछि फेरि म बेरोजगार नै बनेँ । त्यसै बेला रासस (त्यतिबेला राष्ट्रिय संवाद समिति) मा केही मतभेद भएछ र केदारमान सिंहलगायत केही व्यक्ति राजीनामा दिएर बाहिरिएछन् । ती रिक्त पदपूर्ति गर्न भनेर सूचना प्रकाशन भयो । मैले पनि आकर्षक विज्ञापन देखेर दरखास्त दिएँ । लिखित जाँच भयो जसमा अङ्ग्रेजीको नेपाली र नेपालीको अङ्ग्रेजीमा अनुवाद गर्नुपर्ने पनि मूल विषय थियो । अङ्ग्रेजी नपढेको मेरा लागि त्यो परीक्षामा भाग लिनु नै ठूलो कुरा थियो । जे हुनु थियो, भयो । म अनुत्तीर्ण भएँ । यसरी राससमा जागिर खाने अवसर गुम्यो ।

केही समयपछि संवाददाताको नियुक्ति पाएका एक व्यक्तिले पत्रिकारिता मन नपरेर प्रशासनिक जागिर खाने उद्देश्यले रासस छाडेछन् । अब एउटा पद रिक्त हुन आयो । त्यसमा फेरि विज्ञापन गरी परीक्षा लिएर नियुक्ति दिने समय सायद रहेन । दरबारका प्रमुख संवाद सचिव रेणुलाल सिंहले मलाई दरबारमा बोलाए र राससमा काम गर्ने हो भनी प्रश्न गरे । उनी राजाको सुदूरपश्चिम क्षेत्रको भ्रमणका क्रममा मेरो काम देखेर सायद प्रभावित भएका थिए । मलाई अङ्ग्रेजी नआउने तर संस्कृत पढेकाले समाचार सङ्कलन गर्ने तथा प्रुफसमेत हेर्नुपर्ने गरी जिम्मेवारी तोकेर २०२० भदौम रासस संवाददातामा तीन महिना परीक्षणकाल रहने गरी नियुक्त गरियो । तलब थियो रु २२५, ओहो ! धेरै पैसाको जागिर ! त्यो पनि स्थायी पाएकाले मेरो त खुसीको सिमाना नै रहेन । घरपरिवार पनि खुसी हुनु स्वाभाविक हो । जागिर सुरु गरिएको चार वर्षमा म प्रमुख समाचारदाता भएँ ।

रासस सञ्चालक समितिका अध्यक्ष राजाका संवाद सचिव रहने गर्थे । त्यस बेला राससको कार्यालय नयाँ सडकमा पुरानो अमेरिकी पुस्तकालयको पछाडिको घरमा थियो भने केहीपछि लगनमा सर्‍यो । महाप्रबन्धकमा त्यस बेला गोकुलप्रसाद पोखरेल थिए, पछि गोविन्दप्रसाद प्रधान भए । डा हर्क गुरुङ पनि राससका खेलकुद संवाददाता थिए । म बढीभन्दा बढी समाचार सङ्कलन गरेर ल्याउँथेँ । पञ्चायती व्यवस्था अत्यन्तै अनुदार थियो । उसका कर्मचारीबाट समाचार फुत्काउन निकै गाह्रो थियो । मन्त्री त झन् राजाका बफादार मान्छे, उनीहरूले पनि समाचार दिँदैनथे । व्यवस्थालाई सजिलो पर्ने र प्रचार गर्नुपर्ने खालका समाचार मात्र पाउन सकिन्थ्यो ।

मेरो सम्बन्ध सिंहदरबारमा राम्रो भएकाले समाचार लिनका लागि अरूका तुलनामा सजिलो थियो । कोही नयाँ कर्मचारी वा सचिव आयो कि म गएर भेटिहाल्थेँ । उनीहरूले रासस भनेपछि भेट पनि दिन्थे र माया पनि गर्थे । यसले गर्दा मलाई समाचारको स्रोतको विकास गर्नका लागि निकै ठूलो सघाउ पुर्‍याएको थियो ।

राससमा एउटा के प्रावधान थियो भने सबैभन्दा बढी समाचार सङ्कलन गर्नेलाई प्रत्येक तीन महिनामा रु १०० पुरस्कार दिने । त्यो पुरस्कार तीन वर्ष जति दिइयो, सबै मैले नै पाएँ । समाचार कति वटा भन्ने त हुँदैनथ्यो तर पनि दिनमा कम्तीमा तीनचार हुन्थ्यो । हरेक दिन एउटा समाचार भने लेख्नैपर्थ्यो, नत्र समाचारदातालाई अरू शाखाका कर्मचारी एवं सम्पादकले सित्तैमा तलब खायो भनेर कुरा काट्थे । त्यो अवस्था चाहिँ लाजमर्दो नै हुन्थ्यो । तर दिनमा एउटा खबर खोज्न भने निकै गाह्रो थियो ।

त्यसबेला पत्रकारले सीमित सञ्चार माध्यमबाट काम गर्नुपर्थ्यो । सबैभन्दा सुविधायुक्त साधन भनेको बल्लबल्ल पाइने टेलिफोन हो, त्यही पनि सबै ठाउँमा हुँदैनथ्यो । उति बेला जिल्लाका समाचार लिनका लागि निकै गाह्रो थियो, सबै ठाउँमा टेलिफोन थिएन । निकै थोरै मात्र समाचार आवाबाट टिपिन्थ्यो । त्यसमा ३०० अक्षरभन्दा बढी टिप्न मिल्दैनथ्यो । त्यसैले धेरैजसो समाचार हुलाकबाटै आउँथे । मैले केही महिना कार्यालयका तर्फबाट पाएको ९० सिसीको मोटरसाइकलसम्म चढेको थिएँ । पछि चढ्न पनि छाडिदिएँ । प्रायः म खुट्टाले हिँडेरै सबैतिरको कार्यक्रम भ्याउँथेँ ।

राससमा मेरो काम समाचार लेख्ने मात्र थिएन । सरकारले राससलाई पर्याप्त बजेट दिँदैनथ्यो । बजेट आएको भोलिपल्टदेखि मैले सिंहदरबारका सचिव एवं अर्थमन्त्रीकहाँ धाएर उनीहरूसँग बजेटका लागि कराउनुपर्थ्यो । म अर्थमन्त्रीहरू डा भेषबहादुर थापा, डा यादवप्रसाद पन्तकहाँ गएर "लौ न, हामीले तलब नखाने मन्त्रीज्यू" भन्थेँ । अनि पछि बजेट थपिन्थ्यो पनि । सरकारले हरेक वर्ष ल्याउने बजेट घोषणा हुँदा राससलाई थोरै नै विनियोजन गरिएको हुन्थ्यो । बजेट घोषणा भएको भोलिपल्ट पत्रकार सम्मेलन गरेर त्यसका बारेमा जानकारी गराइन्थ्यो । त्यस पत्रकार सम्मेलनमा म नै जाने गर्थें र मेरो एउटा प्रश्न हुन्थ्यो, राससलाई छुट्याइएको बजेट निकै अपुग छ भन्ने । रासस केन्द्रीय कार्यालय रहेको जग्गा र भवन बनाउनका लागि बजेट ल्याउन निकै मेहनत गरियो । मैले राससका विभिन्न स्थानका जग्गा मिलाउने काममा पनि धेरै सङ्घर्ष गरेको छु र मिलाएको पनि छु । त्यसैले मैले यसबाट लिएको मात्र छैन, केही दिएर पनि आएको छु जस्तो लाग्छ ।

एक पटक मैले बजेट फलानो मितिमा आउँदैछ भन्ने समाचार दिएको थिएँ । त्यस समाचारले निकै हल्लीखल्ली भएछ । मलाई कारबाही गर्नुपर्छ भन्ने कुरा पनि उठेछ तर पछि केही भएन । बजेटको अङ्क नदिए पनि यति मितिमा आउँछ भनेर भन्न पनि असजिलो अवस्था थियो ।

राससमा झन्डै पौने २२ वर्ष जागिरका क्रममा राजासँगको भ्रमणमा २०३२ सालतिर युगोस्लाभिया, इरान, जोर्डन र भारतको भ्रमण गर्ने मौका मिलेको थियो । पछि चीन, रुस पनि भ्रमण गरियो । समाचार सङ्कलनका सिलसिलामा मैले स्वदेशका धेरै जिल्लाको भ्रमण गरेको छु । राजा वा प्रधानमन्त्रीको जिल्ला भ्रमण भए पनि समाचारका लागि केन्द्रबाटै समाचारदाता जान्थे र त्यसमा धेरैजसो म नै जानुपर्थ्यो । राससको इज्जत ठूलो थियो । कतिपय ठाउँमा त समाचारदाताहरूलाई मञ्चमा अतिथिको आसन गराएर भाषण नै गर्न लगाउँथे । कुनै पनि कार्यक्रममा रासस नपुगेसम्म अहिले टेलिभिजनलाई कुरेजस्तो गरी कार्यक्रम नै सुरु गर्दैनथे ।

एक पटक संयुक्त राष्ट्र सङ्घका महासचिव ऊ थान्त नेपाल आउँदा त्यससम्बन्धी समाचार लेख्नेमा म परेँ । उनले भनेको अङ्ग्रेजीलाई मैले पनि देवनागरीमा लेखेर ल्याएँ र कार्यालयमा आएर बनाइयो । आफूले नबुझेको समाचार नदिने भएकाले धेरै समस्या भने पर्दैनथ्यो । नेपालका प्रधानमन्त्री कीर्तिनिधि विष्ट चीनबाट फर्केर आएको समाचारका लागि म गएको थिएँ । पत्रकारको एक प्रश्नका जवाफमा उहाँले माओत्से तुङ नेपाल आउन चाहनुभएको छ 'इफ पर्मिट द हेल्थ' भन्नुभएको रहेछ । तर मैले भने पछिको अङ्ग्रेजी बुझिन र माओ नेपाल आउने भनेर समाचार दिएँ । विष्ट रेडियो नेपाल खुब सुन्नुहुन्थ्यो । दिउँसो समाचार सुनेपछि मलाई फोन गर्नुभयो र भन्नुभयो, "ए भैरव बाबु, मैले त स्वास्थ्यले साथ दियो भने मात्र आउन चाहनुभएको छ भनेको थिएँ नि त ।" त्यसमा खासै धेरै आपत्ति नजनाएकाले त्यति समस्या भने परेन । पछि उहाँले मलाई अङ्ग्रेजी जान्दैन भन्ने थाहा पाएकाले नेपालीमै सबै कुरा भन्दिनुहुन्थ्यो । भारतका राष्ट्रपति डा सर्वपल्ली राधाकृष्ण, प्रधानमन्त्री मोरारजी देसाई नेपाल आउँदा उहाँहरूको समाचारका लागि मैले निकै दुःख पाएको छु ।

अर्को एउटा विषय पनि रमाइलै छ । सञ्चार सचिव रामबहादुर रावल भएका बेला बजारमा चिनी, मट्टितेल, नुनको हाहाकार थियो । सचिव रावलले मलाई बोलाएर "यस्तो समस्या छैन" भनेर समाचार दिन भन्नुभयो तर मैले "तपाइँलाई 'कोट' गरेर दिन्छु नि त" भन्दा उहाँ रिसाउनुभयो ।

# गुरुकुलले मौलिक सभ्यताको पुनःजागरण गर्नुपर्ने

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालको मौलिक सभ्यतालाई पुनःजागरण गर्न गुरुकुल लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

गोकर्णेश्वर नगरपालिका-४ स्थित कान्ति भैरव गुरुकुलले मंगलबार आयोजना गरेको संस्कृत नाटक 'प्रतिष्ठा'को शुभारम्भ गर्नुहुँदै उहाँले गुरुकुलकालीन शिक्षाका माध्यमबाट दार्शनिक चाणक्यले मानिसलाई ब्युँझाएझैँ भूमिका अहिलेका गुरुकुलले खेल्नुपर्नेमा जोड दिनुभएको हो । नेपालको संस्कृति र प्रकृति विश्वलाई देखाएर यहाँको पर्यटन प्रवर्द्धन गर्न सकिने बताउनुहुँदै मन्त्री पाण्डेले त्यसतर्फ मन्त्रालयले काम गरिरहेको जानकारी दिनुभयो ।

"संस्कृत विश्वविद्यालय जुन उद्देश्यका लागि स्थापना भएको हो, त्यसअनुसार काम हुन सकेन कि भनी चर्चा चलिरहेको छ, राज्यका अन्य निकायले पनि जनभावनाअनुसार काम गर्न नसकेकाले काममा सुधार गर्न सबैको सहयोग आवश्यक पर्छ, संस्कृत विश्वविद्यालय भौतिक सम्पत्ति भएको संस्था हो, त्यसको सदुपयोग गरिनुपर्छ, पशुपति क्षेत्रस्थित नेपाल वेद विद्याश्रमलाई महाविद्यालयका रुपमा स्थापित गर्न गृहकार्य भइरहेको छ", उहाँले भन्नुभयो ।

संस्कृतको उन्नयनमा जयतु संस्कृतम् संस्थाको पनि भूमिका रहेको उल्लेख गर्नुहुँदै उहाँले सबै संस्थालाई जोडेर अघि बढ्नुपर्ने बताउनुभयो । नेपाल वेद र बुद्ध दुवैको भूमि भएकाले दुवै ज्ञानको केन्द्रका रुपमा विश्वमा स्थापित गर्न सकिने मन्त्री पाण्डेको भनाइ थियो । पछिल्लो समय भौतिकभन्दा आध्यात्मिक पक्ष महत्त्वपूर्ण हुँदै गएकाले सभ्यता, संस्कृति, पूर्वीय साहित्य र संस्कृत भाषाको गरिमाबाट समाजलाई प्रेरित गर्नुपर्ने उहाँले बताउनुभयो ।



कार्यक्रममा संस्कृत एवं तन्त्र ज्ञानका विद्वान् प्रा डा विद्यानाथ उपाध्याय भट्टलाई सम्मान गरिएको थियो । सो अवसरमा गुरुकुल सञ्चालक समितिका अध्यक्ष प्रा डा ऋषिराम पोखरेल, सचिव प्रा डा श्रीराम अधिकारी, नाटकका लेखक डा नवराज कट्टेललगायतले गुरुकुलमा अध्ययनरत विद्यार्थीको प्रतिभा विकासका लागि यस्ता गतिविधिलाई प्राथमिकतामा राख्ने गरिएको जानकारी गराउनुभएको थियो ।

नारी शिक्षामा जोड दिइएको नाटकले पूर्वीय दर्शनमा गार्गी, मैत्रीयजस्ता विदुषी बनाएर बालबालिकासम्म ज्ञान बाँड्नुपर्ने सन्देश दिएको छ । रासस

# 'निषेध र अपमान नगर्ने राजनीतिक व्यवस्था आवश्यक'

कीर्तिपुर । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले आफूहरुले कसैले कसैलाई निषेध र अपमानित नगर्ने राजनीतिक व्यवस्था खोजेको बताउनुभएको छ ।

पार्टीद्वारा मंगलबार राजधानीको बल्खुमा आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै उहाँले आफ्नो आन्दोलनको उद्देश्य मुलुकका जिम्मेवार सबै पक्षले स्थान पाउने गरी नयाँ राजनीतिक समझदारी गर्नु रहेको बताउनुभयो ।उहाँले यही चैत १५ गते गिरफ्तार भएका आफ्ना पार्टीका नेताहरुको रिहाइ गर्न माग गर्दै भृकुटीमण्डपमा खबरदारी सभा गर्न नदिएकोमा आपत्ति प्रकट गर्नुभयो ।

सो पार्टीका निर्देशन समिति अध्यक्ष डा प्रकाशचन्द्र लोहनीले मुलुकका ठूला भनिएका राजनीतिक दलहरुले देशको अर्थतन्त्र बिगारेको आरोप लगाउँदै जनताले त्यसको हिसाब गर्ने बताउनुभयो ।

पार्टीका पूर्वअध्यक्ष पशुपति शम्शेर जबराले मुलुकका प्रमुख राजनीतिक दलहरुले पूर्वराजासँग गरेको सम्झौता उल्लङ्घन गरेको आरोप लगाउनुभयो । रासस


# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/१२/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

## तपसिल

**क्र.सं. १. ऋणीको विवरण**

**नाम : मुकेश ट्रेडर्स**
दर्ता गर्ने निकाय : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वतावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय
दर्ता नं. : १५६७८/२०७८/०७९, दर्ता मिति : २०७८/०८/२६
**संचालक/शेयरधनी/प्रोप्राइटर : मुकेश कुमार गुप्ता, शाखा कार्यालय : लहान**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : मुकेश कुमार गुप्ता**<br>बाबुको नाम : राम वावु प्रसाद गुप्ता<br>बाजेको नाम : नथुनी प्रसाद गुप्ता<br>ठेगाना : लहान - ७, सिरहा<br>ना.प्र.प.नं. : १५३००५/१५३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२९ | **२. नाम : मनिष कुमार गुप्ता**<br>बाबुको नाम : राम वावु प्रसाद गुप्ता<br>बाजेको नाम : नथुनी प्रसाद गुप्ता<br>ठेगाना : लहान - ७, सिरहा<br>ना.प्र.प.नं. : १५३००५/१४०<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२९ |

धितोको विवरण
१. मुकेश कुमार गुप्ताको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको नैनपुर - ५, सिरहा स्थित कित्ता नं. ९५ को क्षेत्रफल ०-४-१७-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. मनिष कुमार गुप्ताको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको नैनपुर - ५, सिरहा स्थित कित्ता नं. १५६२ को क्षेत्रफल ०-०-६.५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. धनि लुम्बिनी बिकास बैंक लिमिटेड भई ऋणी मुकेश ट्रेडर्सको नाममा यातायात ब्यवस्था कार्यालय लहान, सिरहा मा दर्ता कायम रहेको सवारी दर्ता नं. प्रदेश २-०१-००१ च ०५६४, च्यासिस नम्वर: MAT445082MZR10791, इन्जिन नम्वर : 275IDI06EYXSX2773 मोडल नम्वर : ACE FACELIFT HT.HD कायम रहेका ।

**क्र.सं. २. ऋणीको विवरण**

**नाम : चौधरी बिज भण्डार**
दर्ता गर्ने निकाय : वाणिज्य आपूर्ति तथा संरक्षण कार्यालय, कलैया, बारा
दर्ता नं. : २८११/०७६/०७७, दर्ता मिति : २०७६/०५/०७
पान नं. : ६१२४८२३४०, दर्ता मिति : २०७६/०८/०५
ठेगाना : करैयामाई - ८, बारा
**प्रोप्राइटर : मन्जु देवी चौधरी, शाखा कार्यालय : वीरगंज**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : दिनेश चौधरी**<br>बाबुको नाम : जानकी दास बातर<br>बाजेको नाम : हुसेनी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : १५२३२/१५३४/२५६४<br>जि.प्र.का. बारा<br>जारी मिति : २०५५/०१/२० | **२. नाम : मन्जु देवी चौधरी**<br>पतिको नाम : दिनेश चौधरी<br>ससुराको नाम : जानकी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : २०१९/१३०६<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६२/०९/१० |
| **३. नाम : अजय चौधरी**<br>बाबुको नाम : दिनेश चौधरी<br>बाजेको नाम : जानकी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : ३३-०१-७६-११८३८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०७६/१०/२६ | **४. नाम : राकेश चौधरी**<br>बाबुको नाम : दिनेश चौधरी<br>बाजेको नाम : जानकी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : ३३-०१-७८-११८५०<br>जि.प्र.का. बारा<br>जारी मिति : २०७८/०९/१९ |

धितोको विवरण
दिनेश चौधरीको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको नरही - १, बारा स्थित कित्ता नं. २७ को क्षेत्रफल ०-१-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ३. ऋणीको विवरण**

**नाम : शे. इसराफिल**
बाबुको नाम : शेख अमरुल्लाह, बाजेको नाम : शेख फरीद
ठेगाना : लौकाहा - ५, रौतहट, हाल : परोहा - ४, रौतहट
ना.प्र.प.नं. : ३४७/६८६२, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०१/२२
**शाखा कार्यालय : गौर**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : शेख जमसैद आलम**<br>बाबुको नाम : शे. इसराफिल<br>बाजेको नाम : शेख अमरुल्लाह<br>ठेगाना : लौकाहा - ५, रौतहट<br>हाल : परोहा - ४, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७१-०३९००<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७१/०७/१० | **२. नाम : हजरा खातुन**<br>पतिको नाम : शे. इसराफिल<br>ससुराको नाम : शेख अमरुल्लाह<br>ठेगाना : लौकाहा - ५, रौतहट<br>हाल : परोहा - ४, रौतहट<br>ना.प्र.प.नं. : ३/१३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/०८/२८ |

धितोको विवरण
शे.इसराफिलको नाममा मालपोत कार्यालय गौरमा दर्ता रहेको लौकाहा - ५ क, रौतहट स्थित कित्ता नं. ८८ को क्षेत्रफल ०-१-३ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. ४. ऋणीको विवरण**

**नाम : शुभलक्ष्मी हार्डवेयर तथा जनरल सप्लायर्स**
दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, गौर
दर्ता नं. : २३७८०/०६२/६३, दर्ता मिति : २०६२/०७/०८
कार्यालय ठेगाना : गरुडा बैरीया - ६, रौतहट
**संचालक तथा शेयरधनी : राम विनोद साह तेली**

**नाम : निर्मला कुमारी**
पतिको नाम : राम विनोद साह तेली, ससुराको नाम : दयाराम साह तेली
ठेगाना : संग्रामपुर - २, रौतहट, हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : १६०८, जि.प्र.का. रौतहट, जारी मिति : २०६०/०७/२४
**शाखा कार्यालय : गौर**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : राम विनोद साह तेली**<br>बाबुको नाम : दयाराम साह तेली<br>बाजेको नाम : बिसुनी साह<br>ठेगाना : संग्रामपुर - २, रौतहट<br>हाल : गढीमाइ - ४, रौतहट<br>ना.प्र.प.नं. : ८८०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५८/०५/१८ | **२. नाम : निर्मला कुमारी**<br>पतिको नाम : राम विनोद साह तेली<br>ससुराको नाम : दयाराम साह तेली<br>ठेगाना : संग्रामपुर - २, रौतहट<br>हाल : गढीमाइ - ४, रौतहट<br>ना.प्र.प.नं. : १६०८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६०/०७/२४ |

**३. नाम : विवेक प्रसाद साह**
बाबुको नाम : राम विनोद साह तेली, बाजेको नाम : दयाराम साह तेली
ठेगाना : संग्रामपुर - २, रौतहट, हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ३२-०६-७८-०२९७५, जि.प्र.का. रौतहट, जारी मिति : .२०७८/०५/२२

धितोको विवरण
१. राम विनोद साह तेलीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको गरुडा बैरीया - ६, रौतहट स्थित कित्ता नं. १९६२, १९६३ र १९६७ को क्षेत्रफल क्रमशः ०-०-७, ०-०-७ र ०-०-३ तथा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको चन्द्रनिगाहपुर - ९, रौतहट स्थित कित्ता नं. १३२८ को क्षेत्रफल ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. निर्मला कुमारीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको गरुडा बैरीया - ६, रौतहट स्थित कित्ता नं. १९६१, १९६४ र १९६६ को क्षेत्रफल क्रमशः ०-०-१०, ०-०-६.१० र ०-०-२ तथा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको चन्द्रनिगाहपुर - २, रौतहट स्थित कित्ता नं. ८४८ को क्षेत्रफल ०-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ५. ऋणीको विवरण**

**नाम : कुम कुम कस्मेटिक पसल**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योगे कार्यालय
दर्ता नं : ५९३३/६७१/८५, दर्ता मिति : २०७४/१२/१५
ठेगानाः चन्द्रपुर - ६, रौतहट, **संचालक/शेयरधनी/प्रोप्राइटर : राम प्रसाद गोसाई**

**नाम : राम प्रसाद गोसाई**
बाबुको नाम : निरस गोसाई, बाजेको नाम : तखन गोसाइ
ठेगाना : भलोहिया - ९, रौतहट, हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ९२०, जि.प्र.का. रौतहट, जारी मिति : २०४३/१०/०

**नाम : अनिल गोसाइ**
बाबुको नाम : राम प्रसाद गोसाई, बाजेको नाम : निरस गोसाई
ठेगाना : चन्द्रनिगाहपुर - ६, रौतहट, हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ३२२०८४/२५९६, जि.प्र.का. रौतहट, जारी मिति : २०६९/११/१५
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : निलम देवी**<br>पतिको नाम : राम प्रसाद गोसाई<br>ससुराको नाम : निरस गोसाई<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ३१८, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५२/०८/०५ | **२. नाम : राम प्रसाद गोसाई**<br>बाबुको नाम : निरस गोसाई<br>बाजेको नाम : तखन गोसाइ<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ९२०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४३/१०/०६ |
| **३. नाम : रिङ्की कुमारी गोसाई**<br>पतिको नाम : अनिल गोसाइ<br>ससुराको नाम : राम प्रसाद गोसाई<br>स्थायी ठेगानाः चन्द्रपुर - ३, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८०/२९१०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७३/०३/१४ | **४. नाम : अनिल गोसाइ**<br>बाबुको नाम : राम प्रसाद गोसाई<br>बाजेको नाम : निरस गोसाई<br>ठेगान : चन्द्रनिगाहपुर - ६, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/२५९६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६९/११/१५ |

धितोको विवरण
१. राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको चन्द्रपुर - ६, रौतहट स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको डुमरिया - १, रौतहट स्थित कित्ता नं. ९०८ को क्षेत्रफल ०-४-१५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ६. ऋणीको विवरण**

**नाम : शिवम इलेक्ट्रीक सेन्टर एण्ड जेनरल सप्लायर्स**
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर
दर्ता नं. : ४२३४/०७७/०७८, दर्ता मिति : २०७७/१०/१६
ठेगाना : गौर - ५, रौतहट, **संचालक तथा शेयरधनी : पुष्पा गुप्ता**

**नाम : पुष्पा गुप्ता**
बाबुको नाम : प्रेम शंकर प्रसाद, बाजेको नाम : जयकृष्ण प्रसाद हलुवाइ
ठेगाना : गौर - ३, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७३-१०५६०, जि.प्र.का. रौतहट, जारी मिति : २०७३/१२/३१
**शाखा कार्यालय : गौर**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : प्रेम शंकर प्रसाद**<br>बाबुको नाम : जयकृष्ण प्रसाद हलुवाइ<br>बाजेको नाम : हित लाल हलुवाइ<br>ठेगाना : गौर - ८, रौतहट<br>ना.प्र.प.नं. : १४४४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/१२/१३ | **२. नाम : जगतारण देवी हलुवाइ**<br>पतिको नाम : प्रेम शंकर प्रसाद<br>ससुराको नाम : जयकृष्ण प्रसाद हलुवाइ<br>ठेगाना : गौर - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२१००१/१०८३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०३/२७ |

धितोको विवरण
प्रेम शंकर प्रसादको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता रहेको डुमरीया (म) - ४, रौतहट स्थित कित्ता नं. १९६९ को क्षेत्रफल ०-३-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. ७.**

| ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : कोशिला कुमारी चौधरी**<br>पतिको नाम : बिरेन्द्र प्रसाद चौधरी<br>ससुराको नाम : हेम नारायण चौधरी<br>ठेगाना : मधुपट्टी - ८, सप्तरी<br>हाल : सुरुङ्गा - ४, सप्तरी<br>ना.प्र.प.नं. : १६३०९६/२७०, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६३/११/०७<br>**शाखा कार्यालय : लहान** | **नाम : बिरेन्द्र प्रसाद चौधरी**<br>बाबुको नाम : हेम नारायण चौधरी<br>बाजेको नाम : अमर लाल चौधरी<br>ठेगाना : मधुपट्टी - ८, सप्तरी<br>हाल : सुरुङ्गा - ४, सप्तरी<br>ना.प्र.प.नं. : २२०१<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५७/०३/०७ |

धितोको विवरण
कोशिला कुमारी चौधरीको मालपोत कार्यलय राजबिराज, सप्तरीमा दर्ता रहेको मधुपट्टी - ८, सप्तरी स्थित कित्ता नं. ४३५ र २९९ को क्षेत्रफल क्रमशः ०-१-१३-० र ०-०-१६-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ८. ऋणीको विवरण**

**नाम : चौहान सप्लायर्स**
दर्ता गर्ने निकाय : वाणिज्य तथा आपूर्ति ब्यवस्थापन विभाग
दर्ता नं. : ३२११३/०७०/७१। दर्ता मिति : २०७०/१२/१९
रजिष्टर्ड ठेगाना : पोखरीया - ४, पर्सा
**प्रोप्राईटर : लालसा देबी, शाखा कार्यालय : पोखरीया**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : लालमती देबी चाई**<br>पतिको नाम : रामनाथ महतो<br>ससुराको नाम : रघुनन्दन महतो<br>ठेगाना : मानिकपुर - २, पर्सा<br>हाल : पकाहामैनपुर - २, पर्सा<br>ना.प्र.प.नं. : ९१५५०२३०<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०३५/०७/१३ | **२. नाम : लालसा देबी**<br>पतिको नाम : राजेश प्रसाद चौहान<br>ससुराको नाम : रामनाथ महतो<br>ठेगाना : सुर्जाहा - २, पर्सा<br>हाल : पकाहामैनपुर - २, पर्सा<br>ना.प्र.प.नं. : ३४३०८०/५०<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७०/०२/१७ |

**३. नाम : राजेश प्रसाद चौहान**
बाबुको नाम : रामनाथ महतो, बाजेको नाम : रघुनन्दन महतो
ठेगाना : सुर्जाहा - २, पर्सा, हाल : पकाहामैनपुर - २, पर्सा
ना.प्र.प.नं. : ३४३०८०/५०, जि.प्र.का. पर्सा, जारी मिति : २०६३/१२/२५

धितोको विवरण
राजेश प्रसाद चौहानको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको सुर्जाहा -२, मानिपुर स्थित कित्ता नं. १४७, १५६ र १६३ को, क्षेत्रफल क्रमशः ०,०४२१.८३ ०,०६९७.५० र ०,१५१२ ब.मी को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ९.**

| ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : दिनेश कुमार यादव**<br>बाबुको नाम : ध्यानी यादव<br>बाजेको नाम : सुबोध यादव<br>ठेगाना : नरहा - १, सिरहा<br>हाल : नरहा - ५, सिरहा<br>ना.प्र.प.नं. : ८८९३०४५<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०५९/०८/१७<br>**शाखा कार्यालय : लहान** | **नाम : सविता कुमारी यादव**<br>पतिको नाम : दिनेश कुमार यादव<br>ससुराको नाम : ध्यानी यादव<br>ठेगाना : नरहा बल्कवा - १, सिरहा<br>हाल : नरहा - ५, सिरहा<br>ना.प्र.प.नं. : १५१०७३/१८३३३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/०९/२२ |

धितोको विवरण
सविता कुमारी यादवको नाममा मालपोत कार्यालय सिरहामा दर्ता रहेको नरहा - १, सिरहा स्थित कित्ता नं. ३४५२ को क्षेत्रफल ०-१-११-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. १०. ऋणीको विवरण**

**नाम : मो. नईम मियाँ**
बाबुको नाम : भगला मिया, बाजेको नाम : गोदेल
ठेगाना : लहान - ९, सिरहा
ना.प्र.प.नं. : ४३७३/८२९, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/०५/१४
**शाखा कार्यालय : लहान**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : गुलसन खातुन**<br>पतिको नाम : मो. नईम मियाँ<br>ससुराको नाम : भगला मिया<br>ठेगाना : लहान - ९, सिरहा<br>ना.प्र.प.नं. : १५२००५/५<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६६/०८/२४ | **२. नाम : मोहमद रमिज**<br>बाबुको नाम : मो. नईम मियाँ<br>बाजेको नाम : भगला मिया<br>ठेगाना : लहान - ९, सिरहा<br>ना.प्र.प.नं. : १५-०२-७७-०१६८२<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७७/०८/१५ |

धितोको विवरण
मो. नईम मियाँको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-१-१३-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ११. ऋणीको विवरण**

**नाम : बिकरम साह कानु**
बाबुको नाम : शिव कुमार साह कानु, बाजेको नाम : कचन साह कानु
ठेगाना : बिरगंज - १३, पर्सा, हाल : बिरगंज - १०, पर्सा
ना.प्र.प.नं. : १६०३३४८०२ जि.प्र.का. पर्सा, जारी मिति : २०६३/०१/०४
**शाखा कार्यालय : वीरगंज**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : प्रिन्सु देवी साह कानु**<br>पतिको नाम : बिकरम साह कानु<br>ससुराको नाम : शिव कुमार साह कानु<br>ठेगाना : बिरगंज - १३, पर्सा<br>हाल : बिरगंज - १०, पर्सा<br>ना.प्र.प.नं. : ३४-०१-७३-११००४<br>जि.प्र.का. : पर्सा<br>जारी मिति : २०७३/१०/१२ | **२. नाम : रमुनी देवी साह कानु**<br>पतिको नाम : शिव कुमार साह कानु<br>ससुराको नाम : कचन साह कानु<br>ठेगाना : बिरगंज - १३, पर्सा<br>हाल : बिरगंज - १०, पर्सा<br>ना.प्र.प.नं. : १६०३३५९४१<br>जि.प्र.का. : पर्सा<br>जारी मिति : २०६३/०९/०९ |
| **३. नाम : शिव कुमार साह कानु**<br>बाबुको नाम : कचन साह कानु<br>बाजेको नाम : दुखा साह कानु<br>ठेगाना : बिरगंज - १३, पर्सा<br>हाल : बिरगंज - १०, पर्सा<br>ना.प्र.प.नं. : १६०३१२८६७<br>जि.प्र.का. : पर्सा<br>जारी मिति : २०३४/०४/१२ | **४. नाम : उदय कुमार साह कानु**<br>बाबुको नाम : शिव कुमार साह कानु<br>बाजेको नाम : कचन साह कानु<br>ठेगाना : बिरगंज - १३, पर्सा<br>हाल : बिरगंज - १०, पर्सा<br>ना.प्र.प.नं. : १६०३३४८०३<br>जि.प्र.का. : पर्सा<br>जारी मिति : २०६३/०१/०४ |

**५. नाम : जानकी देवी साह कानु**
पतिको नाम : उदय कुमार साह कानु, ससुराको नाम : शिव कुमार साह कानु
ठेगाना : बिरगंज - १३, पर्सा, हाल : बिरगंज - १०, पर्सा
ना.प्र.प.नं. : ३४-०१-७३-११००४, जि.प्र.का. : पर्सा, जारी मिति : २०७३/१०/१२

धितोको विवरण
रमुनी देवी साह कानुको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको बिरगंज - १३, पर्सा स्थित कित्ता नं. ९१५ र ९१७ को क्षेत्रफल क्रमशः ९३.८० र २०.१३ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. १२. ऋणीको विवरण**

**नाम : अली हसमत**
बाबुको नाम : हफिज मिया, बाजेको नाम : मसुद मीया
ठेगाना : ग्महरीया पर्सा - ६, रौतहट, हाल : गढीमाई - ३, रौतहट
ना.प्र.प.नं. : ४४५, जि.प्र.का. रौतहट, जारी मिति : २०५७/०४/३०
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

ब्यक्तिगत जमानत दिनेको विवरण

| | |
|---|---|
| **१. नाम : ओहिदा खातुन**<br>पतिको नाम : अली हसमत<br>ससुराको नामः हफिज मिया<br>ठेगाना : ग्महरीया पर्सा - ६, रौतहट<br>हाल : गढीमाई - ३, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०७७/३२५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२४ | **२. नाम : मो. सज्जाद आलम**<br>बाबुको नाम : अली हसमत<br>बाजेको नाम : हफिज मिया<br>ठेगाना : ग्महरीया पर्सा - ६, रौतहट<br>हाल : गढीमाई - ३, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७०-०६७२५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/११/११ |

धितोको विवरण
अली हसमतको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको ग्महरीया - ५ ख, रौतहट स्थित कित्ता नं. १४५ र १४४ को क्षेत्रफल क्रमशः ०-०-१२-१.२ र ०-०-१२-२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. १३.**

| ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : कृष्णा महतो**<br>बाबुको नाम : महन्थ महतो चाई<br>बाजेको नाम : जोधन महतो<br>ठेगाना : सिवर्वा - ७, पर्सा<br>हाल : पोखरीया - ९, पर्सा<br>ना.प्र.प.नं. : ३४१०७३/५६७<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०६९/०२/३२<br>**शाखा कार्यालय : पोखरीया** | **नाम : मंजु देबी**<br>पतिको नाम : कृष्ण महतो<br>ससुराको नाम : महन्थ महतो चाई<br>ठेगाना : सिवर्वा - ७, पर्सा<br>हाल : पोखरीया - ९, पर्सा<br>ना.प्र.प.नं. : ३४-०१-७५-१४०५७<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७५/०९/०१ |

धितोको विवरण
कृष्ण महतोको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको सिवर्वा - ७, पर्सा स्थित कित्ता नं. ४० को क्षेत्रफल ३४५.०० ब.मी.को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**
- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ वैशाख १६ गते मंगलबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ वैशाख १७ गते बुधबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६

# ट्रम्पको चेतावनीपछि "अन्त्यसम्म लड्ने" चीनको प्रतिज्ञा

एएफपी

बेइजिङ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिनुभएको ५० प्रतिशत थप भन्सार महसुलको धम्कीविरुद्ध चीनले मङ्गलबार 'अन्त्यसम्म लड्ने' प्रतिज्ञा गरेको छ ।

चीनको उक्त घोषणाले विश्व बजारबाट पहिले नै खबौँ डलर गुमाइसकेको व्यापारिक युद्धलाई अझ बढाएको छ ।ट्रम्पले गत हप्ता व्यापक भन्सार महसुल लगाएर विश्व अर्थतन्त्रलाई हल्लाउनुभएको थियो । यसले अन्तर्राष्ट्रिय मन्दीको खतरा उत्पन्न गरेको छ तर बजारमा नाटकीय गिरावट आए पनि उहाँले आफ्नो आक्रामक व्यापार नीतिमा कुनै विराम दिने सम्भावनालाई अस्वीकार गर्नुभएको छ ।



विश्वको दुई ठूला अर्थतन्त्र बीचको भिडन्तमा वासिङ्टनको प्रमुख आर्थिक प्रतिद्वन्द्वी बेइजिङले बिहीबारदेखि लागु हुने अमेरिकी सामानहरूमा आफ्नै ३४ प्रतिशत भन्सार शुल्कको घोषणा गरेर प्रतिक्रिया दिएको छ ।चीनबाट आएको द्रुत प्रतिक्रियाले ट्रम्पबाट नयाँ चेतावनी प्राप्त गरेको छ । यदि बेइजिङले उहाँको भन्सार महसुलको ब्यारेजविरुद्ध पछि हट्न अस्वीकार गरे उहाँले थप शुल्क लगाउने बताउनुभएको छ । यसले चिनियाँ वस्तुहरूमा कुल भन्सार शुल्क १०४ प्रतिशत पुऱ्याउनेछ ।

"मलाई चीनप्रति ठूलो सम्मान छ तर उनीहरूले यस्तो गर्न सक्दैनन्", ट्रम्पले ह्वाइट हाउसमा भन्नुभयो, "हामीसँग एउटा मौका छ... म तपाईंलाई के भन्छु भने, यो गर्नु सम्मानको कुरा हो ।"अमेरिकाले गरेको 'ब्ल्याकमेलिङ' को आलोचना गर्दै चीनले तुरुन्तै प्रतिक्रिया दिएको छ र यस्तो कार्यलाई 'कहिल्यै स्वीकार नगर्ने' बताएको छ ।

"यदि अमेरिका आफ्नै बाटोमा हिँड्न जोड दिन्छ भने, चीनले अन्त्यसम्म लड्ने छ। ट्रम्पको धम्कीले एक पटक फेरि अमेरिकाको ब्ल्याकमेल गर्ने प्रकृतिलाई उजागर गर्दछ", बेइजिङको वाणिज्य मन्त्रालयका प्रवक्ताले मङ्गलबार भने, "यदि अमेरिकाले आफ्ना भन्सार शुल्क उपायहरू बढाउँछ भने, चीनले आफ्नो अधिकार र हितहरूको रक्षा गर्न दृढतापूर्वक जवाबी कदम चाल्नेछ ।"

मन्त्रालयले संयुक्त राज्य अमेरिकासँग 'संवाद' चाहेको र 'व्यापार युद्धमा कुनै विजेता नहुने' दोहोऱ्याएको छ ।

**बजार अशान्ति**

ट्रम्पको भन्सार महसुलले पछिल्ला दिनहरूमा बजारमा पहिले नै नाटकीय प्रभाव पारेको छ । एसियाली वित्तीय सङ्कटयताको सबैभन्दा खराब दिन हङकङको ह्याङ सेङ सोमबार १३ दशमलव दुई प्रतिशतले खस्केको छ । त्यसपछि मङ्गलबारको कारोबारको सुरुआतमा केही नोक्सानी फिर्ता गरेको छ ।

अस्थिर सत्रपछि वाल स्ट्रिट सेयरहरू घटेर समाप्त भए । डाउ र एसएन्डपी ५०० दुवै घट्दै अन्त्य भए । हालैका सत्रहरूमा संयुक्त सेयर बजार मूल्याङ्कनबाट खबौँ डलर उडेको छ ।ट्रम्पले सोमबार फेरि दोहोऱ्याउँदै भन्सार महसुल कार्यान्वयनमा कुनै 'विराम नहेरिरहेको' बताउनुभयो । उहाँले भन्सार महसुलका बारेमा चीनसँग कुनै पनि बैठक रद्द गर्नुभयो तर वार्ता गर्न इच्छुक कुनै पनि देशसँग वार्ताका लागि संयुक्त राज्य अमेरिका तयार रहेको बताउनुभयो ।

सोमबार साङ्घाईमा सेयरहरूले ठूलो धक्का खाएपछि चीनको केन्द्रीय बैंकले मङ्गलबार कारोबार पुनः सुरु हुनुअघि एक बयान जारी गरी बजारलाई स्थिर बनाउन एक्सचेन्ज ट्रेडेड फन्डहरू खरिद गर्दा यो सार्वभौम कोषको पछाडि उभिएको छ भनेर जोड दिएको छ । विनाशकारी व्यापार युद्धबाट कुनै राहत खोज्ने लगानीकर्ताहरूका साथ टोकियोमा मङ्गलबार सेयरहरू उचालिए । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले फक्स न्युजसँगको अन्तर्वार्तामा जापानले अमेरिकी भन्सार महसुलमा 'वार्तामा प्राथमिकता' पाउने सङ्केत दिनभएपछि 'सेयरहरू धेरै चाँडै अगाडि आए' ।

अमेरिकी आयातमा विश्वभरबाट १० प्रतिशत 'आधार' भन्सार महसुल शनिबार लागू भयो र बुधबारदेखि धेरै देशमा उच्च भन्सार शुल्क लाग्नेछ । यसमा चिनियाँ वस्तुहरूका लागि ३४ प्रतिशत र युरोपेली सङ्घ (इयु) उत्पादनहरूका लागि २० प्रतिशत भन्सार शुल्क समावेश छ ।

धेरै मुलुकले वार्ता खोजेको बेसेन्टले फक्स न्युजलाई बताउनुभयो । "राम्रो वार्तामार्फत हामीले गर्ने सबै कुरा भनेको स्तरहरू घट्नु हो", उहाँले भन्नुभयो ।इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँग भेट्दा भन्सार शुल्कहरूमाथि ट्रम्पसँग व्यक्तिगत रूपमा वकालत गर्ने पहिलो नेतासँग अमेरिकी राष्ट्रपतिले भन्नुभयो, "त्यहाँ स्थायी भन्सार महसुल हुनसक्छ र त्यहाँ वार्ता पनि हुनसक्छ, किनकि भन्सार महसुल बाहेक हामीलाई चाहिने कुराहरू छन् ।"

इयुका व्यापार मन्त्रीहरू सोमबार लक्जमबर्गमा ब्लकको प्रतिक्रियाबारे छलफल गर्न आएका थिए । त्यहाँ जर्मनी र फ्रान्सले अमेरिकी प्रविधि दिग्गजहरूलाई लक्षित कर लगाउन पैरवी गरेका थिए ।"हामीले वस्तुहरूमा, सेवाहरूमा कुनै पनि विकल्प बाहिर राख्नु हुँदैन", फ्रान्सेली व्यापारमन्त्री लरेन्ट सेन्ट-मार्टिनले भन्नुभयो, २७-राष्ट्र ब्लकले युरोपेली टुलबक्स खोल्नुपर्छ जुन धेरै व्यापक छ र अत्यन्तै आक्रामक पनि हुनसक्छ ।"

**मुद्रास्फीति ? मन्दी ?**

बजारले आफ्नो अस्थिर यात्रा जारी राख्दै गर्दा ट्रम्पले अमेरिकीहरूलाई भन्नुभयो, "कमजोर नबन्नुहोस ! मूर्ख नबन्नुहोस !" अठहत्तर वर्षीय रिपब्लिकन राष्ट्रपति ट्रम्प भन्सार महसुलले विदेशी कम्पनीहरूलाई वस्तुहरू विदेशमा बनाउनुको सट्टा संयुक्त राज्य अमेरिकामा स्थानान्तरण गर्न बाध्य पारेर अमेरिकाको हराएको उत्पादन आधारलाई पुनर्जीवित गर्नेछ भन्ने विश्वास गर्नुहुन्छ । तर अधिकांश अर्थशास्त्रीहरूले उहाँको सिद्धान्तमाथि प्रश्न उठाउँछन् र उहाँको करहरू स्वेच्छाचारी भएको बताउँछन् ।

# मुख्यमन्त्रीकप राष्ट्रिय भलिबलः ३–१ ले गण्डकी विजयी



टक्सार । भोजपुर नगरपालिका-७ कोदार रङ्गशालामा जारी मुख्यमन्त्रीकप राष्ट्रिय भलिबल प्रतियोगिताअन्तर्गत मंगलबार भएको पहिलो खेलमा लुम्बिनी प्रदेशलाई ३-१ सेटले पराजित गर्दै गण्डकी प्रदेश विजयी भएको छ ।

खेलको पहिलो, दोस्रो र चौथो सेटमा लुम्बिनीलाई २५-२०, २५-१८ र २५-२१ अङ्कले गण्डकी प्रदेशले पराजित गरेको हो ।

तेस्रो सेट भने २५-२३ ले गण्डकीलाई लुम्बिनी प्रदेशले जितेको थियो । लिक आधारमा सञ्चालित खेलअन्तर्गत आज नै हुने दोस्रो खेल गण्डकी र सुदूरपश्चिम प्रदेशका बीचमा हुने आयोजक जिल्ला भलिबल सङ्घले जनाएको छ ।

प्रतियोगितमा मधेस र कर्णाली प्रदेशबाहेक कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका खेलाडीको सहभागिता जनाएका छन् ।

यही चैत २८ गतेसम्म हुने प्रतियोगिता सञ्चालनका लागि कोशी प्रदेश सरकारको कोशी प्रदेश खेलकुद विकास बोर्डमार्फत रु २० लाख सहयोग गरेको छ । अन्य रकम जिल्लाका स्थानीय पालिका, व्यक्ति तथा सङ्घसंस्थाबाट सङ्कलन भइरहेको आयोजक जिल्ला भलिबल सङ्घका महासचिव सङ्ग्राम किरातीले बताउनुभयो । प्रतियोगितामा कोशी प्रदेश भलिबल सङ्घले प्राविधिक सहयोग गरेको छ ।

प्रतियोगितामा प्रथम हुनेले रु तीन लाख, दोस्रोले रु एक लाख ७५ हजार, तेस्रोले रु ८० हजार तथा चौथो हुने टोलीले रु ४० हजार पुरस्कार प्राप्त गर्ने आयोजक जिल्ला भलिबल सङ्घका अध्यक्ष विन्द्रकुमार तामाङले जानकारी दिनुभयो । पाँच विधामा विधागत रुपमा उत्कृष्टलाई रु १० हजारका दरले पुरस्कार प्रदान गरिनेछ ।रासस

# दक्षिण कोरियामा जुन ३ मा राष्ट्रपति निर्वाचन हुने



एएफपी

सियोल । दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपतिले मङ्गलबार जुन ३ मा राष्ट्रपति निर्वाचन हुने घोषणा गर्नुभएको छ ।
मुलुकका पूर्वराष्ट्रपति युन सुक योलको मार्शल ल घोषणाको विनाशकारी प्रयासपछि उहाँलाई पदबाट हटाइएपछि यो निर्णय आएको हो ।

पूर्वराष्ट्रपति युनले नागरिक शासन अवरुद्ध गर्ने प्रयास गर्नुभएको तर सांसदहरूद्वारा तुरुन्तै महाभियोग लगाइएको र पदबाट निलम्बन गरिएपछि दक्षिण कोरिया डिसेम्बरदेखि प्रभावकारी रूपमा नेतृत्वविहीन रहेको छ ।गत हप्ता अदालतले उहाँको महाभियोगलाई सदर गरेको थियो । उक्त फैसलाले उहाँलाई शीर्ष पदबाट हटाएसँगै ६० दिनभित्र नयाँ निर्वाचन गराउनुपर्ने प्रावधानअनुसार नयाँ निर्वाचनको मार्ग खुलेको हो ।सरकारले 'राष्ट्रिय निर्वाचन आयोग र अन्य सम्बन्धित निकायहरूसँग छलफल गरेको' प्रधानमन्त्री हान डक-सुले मङ्गलबार बताउनुभयो ।

सले 'सहज निर्वाचन सञ्चालन सुनिश्चित गर्न र राजनीतिक दलहरूलाई तयारीका लागि पर्याप्त समय दिन आवश्यक छ' भन्ने कुरालाई पनि ध्यानमा राखेको उहाँले बताउनुभयो ।फलस्वरूप 'दक्षिण कोरियाको २१औँ राष्ट्रपति निर्वाचनको मिति जुन ३ तोक्ने निर्णय गरेको' भन्दै उहाँले मतदानलाई सहज बनाउन त्यस दिनलाई अस्थायी सार्वजनिक बिदाका रूपमा तोकिने जानकारी दिनुभयो ।प्रधानमन्त्री हानले मन्त्रालय र राष्ट्रिय निर्वाचन आयोगलाई 'पहिलेभन्दा निष्पक्ष र पारदर्शी एवं जनताको विश्वास कमाउन सक्ने निर्वाचन सुनिश्चित गर्न पूर्ण तयारी गर्न' आह्वान गर्नुभयो ।

नियमित निर्वाचनमा राष्ट्रपति-निर्वाचित व्यक्तिलाई दुई महिनाको सङ्क्रमणकालीन अवधि दिइन्छ भने जुन ३ को निर्वाचनमा विजयी हुने व्यक्ति अर्को दिनै पदमा नियुक्त हुनेछन् ।अहिलेका लागि प्रधानमन्त्री हानले कार्यवाहक राष्ट्रपतिका रूपमा सरकार चलाइरहनुभएको छ । संवैधानिक अदालतले उहाँको आफ्नै महाभियोगलाई खारेज गरेपछि उहाँले भर्खरै पुनः काम सुरु गर्नुभएको हो ।

**चुनावी अभियान मे देखि शुरू**

राष्ट्रपति निर्वाचन सामान्यतया बुधबारहरूमा गरिन्छ तर रिक्त पदपूर्तिका लागि आयोजित आकस्मिक मतदानका लागि कुनै विशेष दिन तोकिएको छैन ।आधिकारिक चुनावी अभियान मे १२ देखि जुन २ सम्म चल्नेछ ।

विपक्षी नेता ली जे-म्युङ अहिलेसम्मको जनमत सर्वेक्षणमा अग्रस्थानमा रहनुभएको छ । पछिल्लो ग्यालप सर्वेक्षण अनुसार उहाँको समर्थन दर ३४ प्रतिशत रहेको छ। उहाँको पार्टीले पहिले नै राष्ट्रिय विधानसभामा नियन्त्रण गरेको छ ।सन् २०२२ को राष्ट्रपति चुनावमा उहाँ युनसँग थोरै मतले पराजित हुनुभयो तर चलिरहेको मुद्दासहित कानूनी समस्याहरूले छायामा पारेको करियरका बाबजुद मुख्य विपक्षी दलका नेताका रूपमा राजनीतिक पुनरागमन गर्नुभयो ।दोस्रो स्थानमा श्रममन्त्री किम मुन-सु हुनुहुन्छ ।

नौ प्रतिशत मत पाउँदै उहाँले युनको पिपल्स पावर पार्टीका चुनौतीकर्ताहरूको समूहको अगुवाइ गर्दै हुनुहुन्छ । यसमा पूर्व पार्टी प्रमुख हान डोङ-हुन पनि समावेश हुनुहुन्छ ।लाखौँ कोरियालीले शुक्रबार संवैधानिक अदालतले युनलाई पदबाट हटाउने फैसला प्रत्यक्ष टेलिभिजनमा हेरेका थिए ।यूनले सांसदहरूलाई आफ्नो आदेशलाई मतदान गर्नबाट रोक्नका लागि सशस्त्र सैनिकहरू संसद्मा पठाउनुभएको थियो। उक्त आदेशलाई अदालतले 'राजनीतिक उद्देश्यका लागि' सेना तैनाथ गरेको बताएको छ ।

युन सन् २०१७ मा पार्क ग्युन-हाइपछि अदालतले महाभियोग लगाउने दोस्रो दक्षिण कोरियाली नेता हुनुहुन्छ ।दक्षिण कोरियाले मार्शल ल घोषणा गरेदेखि चार महिना राज्यका प्रभावकारी प्रमुख बिना बिताएको छ ।नेतृत्वको अभावमा देशले विमान दुर्घटना र देशको इतिहासमा सबैभन्दा घातक डढेलो लगायत विभिन्न सङ्कट र चुनौतीहरू भोग्नुपरेको छ ।

गत हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी तथाकथित पारस्परिक करहरू लगाउनुभएपछि दक्षिण कोरियामाथि प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकामा गरिने निर्यातमा २५ प्रतिशत भन्सार महसुल लगाइएको थियो ।युनले मार्शल ल प्रयाससँग सम्बन्धित विद्रोहको आरोपमा अलग फौजदारी मुद्दाको सामना पनि गरिरहनुभएको छ ।

# इरानसँग प्रत्यक्ष आणविक वार्ता गर्ने ट्रम्पको घोषणा

एएफपी

वासिङ्टन । राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार संयुक्त राज्य अमेरिकाले इरानसँग उसको आणविक कार्यक्रमलाई लिएर प्रत्यक्ष, उच्चस्तरीय वार्ता सुरु गर्न गइरहेको बताउनुभएको छ । उहाँले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको ह्वाइट हाउस बैठकमा यो आश्चर्यजनक घोषणा गर्नुभएको हो ।



सोमबार ओभल अफिसमा बोल्दै ट्रम्पले तेहरानसँग सम्झौतामा पुग्ने आशावादी रहेको तर वार्ता असफल भएमा इरान 'ठूलो खतरामा' पर्ने चेतावनी दिनुभयो ।तेहरानले ओमानमा शनिबारका लागि छलफल तय भएको पुष्टि गरेको छ तर ती 'अप्रत्यक्ष' वार्ताहरू थिए भनी जोड दिएको छ ।

इरानी समाचार एजेन्सी तस्निमका अनुसार विदेशमन्त्री अब्बास अराघची र मध्यपूर्वका लागि शीर्ष अमेरिकी दूत स्टिभ विटकफले वार्तामा भाग लिनुहुनेछ ।"यो जति एउटा परीक्षा हो त्यति नै एउटा अवसर पनि हो", अराघचीले एक्समा लेख्नुभयो, "बल अमेरिकाको कोर्टमा छ ।"यसैबीच नेतन्याहुले संयुक्त राज्य अमेरिका र इजरायलले युद्धग्रस्त गाजाबाट बन्धकहरू मुक्त गर्ने अर्को सम्झौतामा काम गरिरहेको बताउनुभएको छ । गाजामा इजरायल र इरानको सहयोगी हमाससँगको शान्ति सम्झौता भङ्ग भएको छ ।

"हामी इरानीहरूसँग व्यवहार गर्दैछौँ, हामीले शनिबार एउटा ठूलो बैठक गरेका छौँ र हामी उनीहरूसँग प्रत्यक्ष व्यवहार गर्दैछौँ",अमेरिकी भन्सार महसुलबाट इजरायललाई बचाउने प्रयासमा केन्द्रित हुने भनिएको बैठकपछि ट्रम्पले पत्रकारहरूलाई भन्नुभयो ।ट्रम्पले वार्ता कहाँ हुने बताउनुभएन तर यसमा प्रतिनिधिहरू समावेश नहुने र 'लगभग उच्चतम स्तर' मा हुने कुरामा जोड दिनुभयो ।इरानले देशको आणविक कार्यक्रमलाई रोक्नका लागि नयाँ सम्झौतामा प्रत्यक्ष वार्तालाई अस्वीकार गरेपछि ट्रम्पको आश्चर्यजनक घोषणा आएको हो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले सन् २०१८ मा आफ्नो पहिलो राष्ट्रपति कार्यकालमा अघिल्लो सम्झौताबाट हात झिक्नुभएको थियो र कुनै नयाँ सम्झौता हुन नसकेमा सम्भवतः अमेरिकी सहयोगमा इजरायलले इरानी सुविधाहरूमा आक्रमण गर्न सक्ने व्यापक अनुमान छ ।तर ट्रम्पले तेहरानलाई कडा चेतावनी दिनुभएको छ ।"यदि इरानसँगको वार्ता सफल भएन भने मलाई लाग्छ कि इरान ठूलो खतरामा पर्नेछ र म यो भन्न घृणा गर्छु, ठूलो खतरा, किनकि उनीहरूसँग आणविक हतियार हुन सक्दैन", उहाँले भन्नुभयो ।

यसैबीच अधिकारीहरूले रुस, चीन र इरान मङ्गलबार मस्कोमा इरानी आणविक मुद्दामा परामर्श गर्न तयार रहेको बताएका छन् ।नेतन्याहु व्यक्तिगत रूपमा विश्वलाई हल्लाउने अमेरिकी करबाट मुक्तिका लागि अनुरोध गर्ने पहिलो विदेशी नेता बनेपछि ट्रम्पको यस्तो खुलासा भएको हो ।इजरायली प्रधानमन्त्रीले दुई देशबीचको व्यापार घाटा हटाउने र व्यापारका 'अवरोधहरू' पनि कम गर्ने प्रतिज्ञा गर्नुभयो ।उहाँको देशले बैठकअघि अमेरिकी आयातमा आफ्नो अन्तिम बाँकी भन्सार शुल्क हटाउन कदम चालेको थियो ।

**गाजा वार्ता**

नेतन्याहु र ट्रम्पले गाजाको बारेमा पनि छलफल गर्नुभयो । गाजामा अमेरिकी-मध्यस्थता गरिएको इजरायल र हमासबीचको अल्पकालीन युद्धविराम भङ्ग भएको छ ।नेतन्याहुले सन् २०२३ अक्टोबरमा इजरायलमा भएको अभूतपूर्व आक्रमणका क्रममा हमासले लिएका थप बन्धकहरूलाई मुक्त गर्ने उद्देश्यले नयाँ वार्ता भइरहेको बताउनुभयो ।

"हामी अहिले अर्को सम्झौतामा काम गरिरहेका छौँ जुन सफल होस् भन्ने आशा छ र हामी सबै बन्धकलाई बाहिर निकाल्न प्रतिबद्ध छौँ", उहाँले भन्नुभयो ।ट्रम्पले पनि गाजा पट्टीलाई 'नियन्त्रण' गर्ने आफ्नो योजनामा जोड दिनुभयो। यसलाई उहाँले 'एक उत्कृष्ट भूखण्ड' भनेर वर्णन गर्नुभयो । उहाँले यो योजना पहिलो पटक फेब्रुअरीमा नेतन्याहुले उहाँलाई भेट्दा घोषणा गर्नुभएको थियो ।यसअघि ट्रम्पले वेस्ट विङ बाहिर नेतन्याहुलाई स्वागत गर्नुभयो र दुई नेताहरू ओभल अफिसमा बैठकका लागि भित्र जानुअघि आफ्नो मुठी हल्लाउनुभयो ।

उहाँहरूको योजनाबद्ध प्रेस सम्मेलन छोटो सूचनामा बिना कुनै व्याख्या रद्द गरियो जुन एक असामान्य कदम हो। तर उहाँहरूले ओभल अफिसमा पूल रिपोर्टर हरूको सानो समूहसँग लामो समयसम्म कुरा गर्नुभयो ।गत हप्ता राष्ट्रपतिले आफ्नो 'मुक्ति दिवस' को घोषणामा इजरायलमाथि १७ प्रतिशत कर लगाएको केही दिनपछि ट्रम्प सत्तामा फर्किएपछि इजरायली प्रधानमन्त्रीको वासिङ्टनको यो दोस्रो भ्रमण हो ।

वासिङ्टनको इजरायलसँग उल्लेखनीय व्यापार घाटा रहेको भन्दै ट्रम्पले अमेरिकी सैन्य सहायताको सबैभन्दा ठूलो लाभार्थी इजरायललाई आफ्नो विश्वव्यापी भन्सार प्रहारबाट छुट दिन अस्वीकार गर्नुभयो । नेतन्याहुले आइतबार आफ्नो आगमनपछि तुरुन्तै वाणिज्यमन्त्री हावर्ड लुटनिक र व्यापार प्रतिनिधि जेमिसन ग्रिरसँग भेट गर्नुभयो ।इजरायली प्रधानमन्त्रीले सोमबार ट्रम्पका दूत विटकफसँग पनि भेट गर्नुभयो ।

# भारतमा सात जनाको मृत्युसँग सम्बन्धित 'नक्कली चिकित्सक' पक्राउ

एएफपी

नयाँदिल्ली ।सात जना बिरामीको मृत्युको अनुसन्धान गरेको केही दिनपछि भारतीय प्रहरीले मङ्गलबार लन्डनमा आधारित एक प्रतिष्ठित हृदयरोग विशेषज्ञका रूपमा छद्म वेश धारण गरेको आरोपमा एक व्यक्तिलाई पक्राउ गरेको छ ।

मध्य प्रदेश राज्यको निजी मिशन अस्पतालमा काम गरेका कथित ठगलाई ठगी र जालसाजीको आरोपमा पक्राउ गरिएको प्रहरी अधीक्षक श्रुतकीर्ति सोमवंशीले पत्रकारहरूलाई बताउनुभयो ।"उनका कागजातहरू नक्कली भएको पाइएको छ... अभियुक्त चिकित्सकलाई हाम्रो टोलीले पक्राउ गरेको छ", सोमवंशीले भन्नुभयो।

पक्राउ परेका व्यक्तिले आफ्नो नाम 'नरेन्द्र जोन क्याम' भनेका छन् । यो नाम अस्पतालको वेबसाइटमा हिन्दीमा लेखिएको नामसँग मिल्दछ ।स्थानीय मिडियामा प्रकाशित मुखाकृतिमा उनलाई पहेँलो फुस्रो कपालसहित देखाइएको छ ।राष्ट्रिय मानव अधिकार आयोगले यस वर्ष मिसन अस्पतालमा सात जना बिरामीको मृत्युको अनुसन्धान सुरु गरेको केही दिनपछि यो गिरफ्तारी भएको हो ।गिरफ्तार व्यक्तिद्वारा सबै सात जनाको एन्जियोप्लास्टी शल्यक्रिया गरिएको थियो ।

**अति चिन्ताजनक**

स्थानीय मिडियाका अनुसार उनले बेलायतमा रहेका वास्तविक हृदयरोग विशेषज्ञ जोन क्यामको छद्म वेश धारण गरेका थिए। जोन क्याम सेन्ट जर्जेज युनिभर्सिटी अफ लन्डनमा क्लिनिकल कार्डियोलोजीका एमेरिटस प्रोफेसर हुन् ।बेलायतमा आधारित क्यामले कुनै गलत काम गरेको सङ्केत छैन । उहाँले एएफपीलाई यो घटना 'अत्यन्त चिन्ताजनक' भएको बताउनुभयो ।ती व्यक्तिले "विभिन्न समयमा मेरो छद्म वेश धारण गरेको र लन्डनको सेन्ट जर्जेज अस्पतालमा मेरो प्रशिक्षण लिएको दावी गरेको' क्यामले बताउनुभयो ।



क्यामले आफू र आफ्ना सहकर्मीहरूले गत पाँच वर्षदेखि ठगलाई रोक्न पटक-पटक प्रयास गरेको पनि बताउनुभयो ।"मैले पत्ता लगाएँ कि मैले यसबारे केही पनि गर्न सक्दिनथेँ, तर मेरा कम उमेरका सहकर्मीहरू, जो इन्टरनेटमा सामाजिक सञ्जालमा सक्रिय थिए, उनीहरूले आफ्नो सकेसम्मको प्रयास गरे", क्यामले लन्डनबाट लेख्नुभएको छ, "भारतीय चिकित्सक र हृदयरोग विशेषज्ञहरूले चाँडै नै यी व्यक्तिको मसँग कुनै सम्बन्ध छैन भन्ने कुरा पत्ता लगाए र उनलाई 'बन्द गर्ने' प्रयास गरे ।" "ठगको बारेमा हालैका रिपोर्टहरू अपेक्षाकृत शान्त थिए र मैले सोचेँ कि उनीहरू सफल भएका थिए", क्यामले भन्नुभयो, "पक्राउको खबर मेरो लागि दुःखद छ र सम्भवतः बिरामीहरूका आफन्तहरूको लागि अझ बढी, जो पीडित भएका हुन सक्छन् ।"मध्य प्रदेशका उपमुख्यमन्त्री राजेन्द्र शुक्लाले दोषी ठहरिए पक्राउ व्यक्तिविरुद्ध कडा कारबाही गरिने बताउनुभयो ।यो घटना मृत्यु भएका बिरामीहरूको एक परिवारले उजुरी गर्न अगाडि आएपछि सार्वजनिक भएको हो ।

"मेरी आमाको मृत्यु हुनासाथ चिकित्सक हराए", छोरा नबी कुरैशीले प्रसारक एनडीटीभीलाई भनेको उद्धृत गरिएको छ ।भारतमा विशेष गरी ठूलो जनसङ्ख्या निरक्षर रहेको ग्रामीण क्षेत्रमा व्यक्तिहरूले चिकित्सकको वेशमा काम गरेको रिपोर्टहरू व्यापक छन् ।

# चैते धानखेतीमा किसानलाई आकर्षित गर्न अनुदान

डुम्रे । चैते धानखेतीतर्फ किसानलाई आकर्षित गर्ने उद्देश्यले तनहुँमा 'चैते धानखेती प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरिएको छ । अधिकांश सिञ्चित क्षेत्रका खेतमा चैते धान रोपाइँ जारी रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रले चैते धानखेती प्रवर्द्धन कार्यक्रममार्फत किसानलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरी सहज बनाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । उहाँले धान आयातलाई कम गराउने लक्ष्यका साथ अनुदानको व्यवस्था गरिएको बताउनुभयो ।


"चैते धानखेती गर्ने किसानले छाड्ने क्रम बढ्दै गएकाले प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो, उर्वरभूमिमा नै खेती गर्न छाड्दै गएको पाइन्छ", उहाँले भन्नुभयो, "विशेषगरी खेतीयोग्य जमिन बाँझो राख्ने अवस्थामा पुगेपछि यस कार्यक्रमले किसानलाई सहयोग पुग्नेछ ।" कृषि पेसामा आकर्षित गर्न पनि यसले टेवा पुग्ने सूचना अधिकारी परियारको भनाइ छ ।

सूचना अधिकारी परियारका अनुसार कार्यक्रमअन्तर्गत ढुवानी, बीउ, सिँचाइ, उपकरण खरिदमा अनुदानको व्यवस्था गरिएको छ । धानको बीउमा ७५ प्रतिशत र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदानको व्यवस्था छ । दुई हजार ९४० रोपनी खेतमा चैते धानखेती गर्न १३ वटा कृषक समूह तथा सहकारी यस कार्यक्रममा समावेश भएका छन् ।

कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन भएको छ । कृषक समूह तथा सहकारीसँग सम्झौतासमेत भइसकेको केन्द्रले जनाएको छ । कार्यक्रमअन्तर्गत धान चुट्ने थ्रेसर, खेत जोत्ने मिनीटिलर तथा ट्र्याक्टरमा अनुदानको व्यवस्था गरिएको छ । सिँचाइ (कुलो) निर्माणका लागि रु २० लाख बजेट विनियोजन भएको छ ।

चैते धान विशेषगरी चिउराका लागि प्रयोग गरिने तर खेत बाँझो हुँदा भारतबाट आयात हुने गरेको सूचना अधिकारी परियारको भनाइ छ । किसानबाट माग धेरै आए पनि बजेट कम हुँदा सबैलाई समेट्न समस्या भएको उहाँले बताउनुभयो ।

जिल्लाका ठूला फाँट सत्रसय, सेपाबगैँचा, कलेस्ती, पुर्कोट, म्याग्दे, तनहुँसुर, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे फाँटलगायत स्थानमा रोपाइँ भइरहेको छ । उहाँले भन्नुभयो, "हालसम्म सिञ्चित क्षेत्रको ८५ प्रतिशत चैते धान रोपाइँ सकिएको छ ।"



केही वर्षयता चैते धानखेती कम हुँदै गएकाले यस कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार बर्सेनि चैते धानखेती घट्दै गएको छ । अघिल्ला वर्ष छ हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिन्थ्यो । गत वर्ष एक हजार ८०२ हेक्टरमा चैते धानखेती गरिएकामा आठ हजार ७०४ मेट्रिक टन धान उत्पादन भएको थियो । यसैगरी आव २०७९/८० मा दुई हजार ४७० हेक्टर जमिनमा खेती गरिएकामा ११ हजार १८३ मेट्रिक टन धान उत्पादन भएको थियो । चैते धानखेती प्रवर्द्धन कार्यक्रमले धान उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको केन्द्रले जनाएको छ ।

जिल्लामा करिब ५१ हजार ५५० हेक्टर क्षेत्रफलमा खेतीयोग्य भूमि रहेको छ । त्यसमध्ये छ हजार ३४७ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । रासस

# डढेलोले सखाप हुँदै जङ्गल

तानसेन । लामो समयसम्म पानी नपरेर खरेडी लागेकाले जिल्लाका अधिकांश जङ्गलमा डढेलो लाग्न थालेको छ । हालसम्म यहाँका ३६ सामुदायिक तथा सरकारी जङ्गलमा लागेको डढेलोले सात सय ११ हेक्टर क्षेत्रफल नष्ट गरेको छ ।

यहाँका अधिकांश वन क्षेत्रका नयाँ बिरुवा डढेर खरानी बनेका छन् । जङ्गलमा दिनदिनै बढेको डढेलोले दुई वर्षयताका नयाँ बिरुवा डढाएर खरानी बनाएको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ । डढेलोले वयस्क र पुराना रुख पनि नष्ट गरेको कार्यालयका प्रमुख नारायणदेव भट्टराईले बताउनुभयो ।

चैत लागेसँगै बढेको डढेलोले वन क्षेत्र उजाड बनेको छ । अहिले रुख बिरुवाले पालुवा फेर्न र झारेका पुराना पात सुकेकाले पनि वनमा लाग्ने डढेलोले आगो चाँडै फैलने गरेको प्रमुख भट्टराईले बताउनुभयो । वन क्षेत्रमा दिनदिनै बढेको डढेलोले रुख, बिरुवा सखाप हुनुका साथै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा परेकाले उच्च सर्तकता अपनाउन उहाँले सबैलाई आग्रह गर्नुभयो ।

यसपाली हिउँदे वर्षा नभएकाले डढेलो झन् फैलिएको स्थानीय बताउँछन् । हिउँदे वर्षाले रुख, बिरुवाले झारेका पातपतिङ्गर भिजाउँदा आगो ढिलो फैलने विगतको अनुभव सम्झँदै वन क्षेत्र नजिकका बासिन्दा यसपाली हिउँदे वर्षा नहुँदा चैत मध्यभित्रै डढेलोले विकराल रूप लिएको बताउँछन् ।

विशेषगरी जङ्गल नजिकैका बस्तीका नागरिक आगो लाग्नासाथ चिन्तित हुने गर्दछन् । जङ्गलमा लागेको आगो घरमा आउने डरले स्थानीय चिन्तित भएका छन् । वसन्त र ग्रीष्म ऋतु विशेषगरी डढेलो जोखिमको समय मानिन्छ । डढेलोका कारण वर्षभरि भएको हरियाली वन क्षणभरान नष्ट हुन्छ । यस वर्ष पनि गर्मी मौसम सुरु हुनासाथ डढेलोका घटनाहरू बढेका वन प्रमुख भट्टराईले उल्लेख गर्नुभयो ।




केही दिनयता जिल्लाका तिनाउ गाउँपालिका-३ झुम्साको खुलखुले सामुदायिक वन, झुम्साको वसन्तपुर नजिक ओढारखोला, सरागखोला, कचलको काम्लेटटरी, मसिना, सिद्धचुहार, तरुले सामुदायिक वन, झिँगामारा, रिङ्डिसङ वन, तिनाउ गाउँपालिका-२ को सुकेताल र खुर्सानै नजिकैको जङ्गल, रम्भा गाउँपालिकाअन्तर्गत पर्ने रिमिघा डाँडा जङ्गल, रिब्दीकोट गाउँपालिकाको पालुङ सामुदायिक वनलगायत जङ्गलमा डढेलो लागिरहेको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ ।

निस्दीको ज्यामिरेस्थित अरुणखोलास्थित जङ्गल, ज्यामिरेको वेभोके, बतासा, मठेखर्क, क्षेत्रीखर्क, माथागढीको रहवास, हात्तीलुङलगायत स्थानमा पनि डढेलो लागेको कार्यालयका प्रमुख भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँका स्थानीयले बस्ती जोगाउन सफल भए पनि मानवीय क्षतिसहित जङ्गल, केही घरगोठ र भौतिक संरचनामा क्षति भएका छन् ।

हालसम्म जङ्गलमा लागेको डढेलो निभाउने क्रममा एक जनाको मृत्यु भएको जनाउँदै प्रमुख भट्टराईले १६ वटा घरगोठ जलेका बताउनुभयो । सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणमा लिन प्रयास गरे पनि आगो पूर्ण रूपमा ननिभ्दा हावाहुरीले पुनःसल्किने समस्या रहेको उहाँले बताउनुभयो । जिल्लाका तिनाउ, रिब्दीकोट, बगनासकाली, तानसेन र रैनादेवी छहरामा बढी डढेलो लागेको उहाँले जानकारी दिनुभयो ।

अधिकांश डढेलो लागेको जङ्गल नजिकै बस्ती छन् । ती बस्तीमा हावाहुरीले कुनै पनि समय डढेलो छिर्ने डरले स्थानीय रातभर सुत्न सक्दैँनन् ।

हरेक वर्ष लाग्ने आगोका कारण रातभर निदाउनै नसकिने रिब्दीकोटकी भिमा कार्कीले बताउनुभयो ।

"अघिल्लो वर्ष नजिकैको जङ्गलमा लागेको आगो बस्तीमा पसेको थियो, आगोबाट बल्लबल्ल बस्ती जोगाउन सफल भए पनि पटकपटकको डढेलोले रातमा निन्द्रा लाग्दैन", उहाँले भन्नुभयो ।

अहिले पनि यहाँ आगो लागेको छभन्दै कार्कीले भन्नुभयो, "पहिले छिमेकीको घर जलेको थियो, कतै आफ्नो जल्ने त होइन भन्ने पिरले अहिले पनि सताउँछ । के गर्नु विपत्तिको अगाडि कसैको केही लाग्दो रहेनछ ।" घरमा एक्लै बस्दै आउनुभएकी कार्कीले बढ्दै गएको डढेलोका कारण चिन्ता बढेको बताउनुभयो । दिनहुँ जस्तो भगवान्लाई सम्झिँदै बस्नु परेको उहाँको भनाइ छ ।

डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले मातहतका कार्यालय, सामुदायिक वन उपभोक्ता महासङ्घ, सामुदायिक वन, स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय निकायले दैनिकजसो नियन्त्रणको प्रयास गरे पनि सफल हुन नसकेका जनाइएको छ ।

सुक्खा मौसम तीव्रगतिमा चलेको हावाहुरी, चुरे तथा महाभारत क्षेत्रको भू-बनोटले गर्दा डढेलो नियन्त्रण बाहिर गएको डिभिजन वन कार्यालयले जनाएको छ ।

दमकलले बस्ती नजिकेको आगो निभाए पनि जङ्गलको आगो भने नियन्त्रण गर्न नसकिएको वन कार्यालय प्रमुख भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार पाल्पाका १० स्थानीय तहका ८१ वडामध्ये ३९ वटा वडाका वन, जङ्गल डढेलोको उच्च जोखिममा छन् भने २६ वडा मध्यम र १६ वडा न्यून जोखिममा रहेका छन् ।

डढेलो नियन्त्रणका लागि पाल्पाका वनमा अग्निरेखा बनाउने र भएका अग्निरेखा सरसफाइ गर्ने काम भइरहेको भट्टराईले जानकारी दिनुभयो ।

"गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्दै गएपछि वन कार्यालयले डढेलो नियन्त्रणका लागि पूर्वसावधानी अपनाउँदै अग्निरेखा बनाउने कार्यलाई भने तीव्रता दिएको छ", उहाँले भन्नुभयो ।रासस

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३७ रुपैयाँ ०४ पैसा र बिक्रीदर १३७ रुपैयाँ ६४ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिदर १४९ रुपैयाँ ९८ पैसा र बिक्रीदर १५० रुपैयाँ ६४ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७५ रुपैयाँ ६२ पैसा र बिक्रीदर १७६ रुपैयाँ ३९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६० रुपैयाँ ३४ पैसा र बिक्रीदर १६१ रुपैयाँ ०४ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८२ रुपैयाँ ९५ पैसा र बिक्रीदर ८३ रुपैयाँ ३१ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रुपैयाँ २२ पैसा र बिक्रीदर ९६ रुपैयाँ ६४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०१ रुपैयाँ ७९ पैसा र बिक्रीदर १०२ रुपैयाँ २४ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ ३६ पैसा र बिक्रीदर नौ रुपैयाँ ४१ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ७४ पैसा र बिक्रीदर १८ रुपैयाँ ८३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ५० पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७६ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ ९८ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ५९ पैसा र बिक्रीदर ३० रुपैयाँ ७२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३६ पैसा र बिक्रीदर नौ रुपैयाँ ४० पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ५८ पैसा र बिक्रीदर १३ रुपैयाँ ६४ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ १० पैसा र बिक्रीदर २० रुपैयाँ १८ पैसा तोकिएको छ ।




राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६४ पैसा र बिक्रीदर १७ रुपैयाँ ७२ पैसा, कुवेती दिनार एकको खरिददर ४४५ रुपैयाँ २१ पैसा र बिक्रीदर ४४७ रुपैयाँ १६ पैसा, बहराइन दिनार एकको खरिददर ३६३ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३६५ रुपैयाँ ०६ पैसा, ओमनी रियाल एकको खरिददर ३५५ रुपैयाँ ९९ पैसा र बिक्रीदर ३५७ रुपैयाँ ५४ पैसा रहेको छ ।रासस

## चितवनका २७९ उद्योग बन्द

चितवन । उद्योग तथा वाणिज्य कार्यालयमा दर्ता भएका उद्योगमध्ये २७९ उद्योग बन्द भएका छन् । चालु आर्थिक वर्षको साउनदेखि यता जिल्लाका विभिन्न स्थानमा दर्ता भएका ती उद्योग बन्द (लगत कट्टा) गरिएको हो । गत वर्ष सोही अवधिमा १८१ उद्योग बन्द भएका थिए ।

कार्यालयका सूचना अधिकारी शक्तिमान कुमालका अनुसार वैदेशिक प्रयोजनाका लागि दर्ता गरिएका अधिकांश उद्योग बन्द भएका हुन् । कतिपय सञ्चालन हुन नसकेर पनि बन्द भएका छन् । उहाँका अनुसार यस वर्ष २७३ नयाँ उद्योग दर्ता भएका छन् । निजी फर्ममा २६२, सामुदायिक फर्ममा सात र प्राइभेट लिमिटेडमा चार उद्योग दर्ता भएका छन् । यो सङ्ख्या गत वर्ष सोही अवधिमा ३२९ उद्योग दर्ता भएर सञ्चालनमा आएका थिए ।

उत्पादनमूलक, कृषि तथा वनजन्य, पर्यटनमूलक र सेवामूलक उद्योग बन्द भएका हुन् । वैदेशिक रोजगारीका लागि कम्पनी दर्ता गरेर आयआर्जन देखाउने र प्रयोजन सकिएपछि कम्पनी बन्द गर्न आउनेको सङ्ख्या बढ्दो रहेको उहाँले बताउनुभयो । उद्योग सञ्चालन गर्ने तर यहाँ आम्दानी नभएपछि विदेश जानका लागि बन्द गर्नेहरुको सङ्ख्या उच्च रहेको उहाँले बताउनुभयो ।

यस आर्थिक वर्षमा दुई हजार १६७ उद्योग नवीकरण भएका छन् । त्यसमध्ये नौ वटाले नामसारी गरेका छन्भने ३१ वटाले ठाउँसारी गरेका छन् ।

यस्तै २८ वटाले कारोबार संशोधन, सुविधा सिफारिस तिनले लिएको कुमालले जानकारी दिनुभयो ।रासस


**Loharpatti Municipality**

**Office of Municipal Executive**

**Loharpatti, Mahottari**

**Madhesh Pradesh, Nepal**

**INVITATION FOR ONLINE BID (IFB/NCB/WORKS/LM/2081/82/02,03)**

**Date of publication:- 2081/12/27/ B.S (9th April 2025 AD)**

1. Loharpatti Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.
2. The details of the project is as following.

| Contract ID | Description of works | Estimated Amount | Bid security Amount (NRS) | Bid document fee (NRS) | Bid Validity/Bid Bond validity period | Last date of bid Document Purchase | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| NCB/ WORKS/ LM/2081/82/02 | Agriculture Electrification work in Loharpatti Municipality ward 3 and 7 | NRs. 49,55,307.60 (Including VAT & PS) | NRs. 1,10,000.00 | NRs. 3,000.00 | 90days/120days after last date of bid submission | 9th May-2025, 12:00 Noon | 9th May-2025, 12:00 Noon | 9th May-2025, 14:00 PM |
| NCB/ WORKS/ LM/2081/82/03 | Deep Boring Installation work in Loharpatti Municipality ward 1 to 9 | NRs. 44,61,021.16 (Including VAT & PS) | NRs. 1,00,000.00 | NRs. 3,000.00 | 90days/120days after last date of bid submission | 9th May-2025, 12:00 Noon | 9th May-2025, 12:00 Noon | 9th May-2025, 14:00 PM |

3. **Information to Deposit the cost of bidding document in Bank:**
   Name of the Bank:- NIC Asia Bank, Name of Office:- Loharpatti Municipality,
   Office Code no. :- 801021810, Office Account no.:- 1362050028753002
   Account Name:- GA 1.1 ANTARIK RAJASHWA KHATA - LOHARPATTI MUNICIPALITY
4. **Cash Deposit Account for Bid Security:**
   Name of the Bank:- NIC Asia Bank, Address:- Loharpatti Municipality,
   Account Holder's Name :- Loharpatti Municipality, Account Number.:- D6CA000929952403
   Account Name:- GA 3- DHARAUTI KHATA - LOHARPATTI MUNICIPALITY
5. Eligible Bidders may contact Loharpatti Municipality at 9854031520 and obtain further information from PPMO's Website www.bolpatra.gov.np./egp.

**Chief Administrative Officer**

# देशमा विकास हुन नसकेको उपेन्द्र यादवको भनाइ




**टुडे समाचारदाता**

रौतहट । जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले नेपाली कांग्रेस र कम्युनिष्टका नेताहरुकै कारण देशमा विकास हुन नसकेको टिप्पणी गरेका छन् ।

देशमा बहुदलिय व्यवस्था लागु भएको ३५ वर्षदेखि कांग्रेस र कम्युनिष्ट पालोपालो सत्तामा रहेर सरकार चलाउँदै आएका छन् । तर देशमा विकास हुनुको सट्टा देशमा चरम गरिवी र बेरोजगारी बढ्दै गएको जिकिर गरेका छन् । जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटको प्रथम जिल्ला अधिवेशन कार्यक्रममा मंगलवार बोल्दै उनले कांग्रेस कम्युनिष्टको हातमा शासन शक्ति रहेसम्म यो देशको कहिल्यै विकास सम्भव नरहेको दाबी गरेका छन् ।

दुई दलका नेताहरुले देशको अर्थतन्त्र धारासायी बनाएको कारण कृषि, उद्योगको विकास र शिक्षा तथा स्वास्थ्यको अवस्था नाजुक बन्दै गएको उनको भनाइ रहेको छ ।

देशमा रहेका ठूल्ठूला उद्योग धन्दा, कलकारखाना, कम्पनी बन्द हुँदा रोजगारीको लागि युवाहरु विदेश प्लायन हुन बाध्य भइरहेको उनले बताए ।

अध्यक्ष यादवले आगामी २०८४ मा हुने निर्वाचनमा जसपा नेपाललाई अत्यधिक बहुमत दिएर जिताउन माधेशवासीलाई आग्रह गरेका थिए ।

विगतका दिनमा भएको मधेश जनविद्रोहको बलमा आएको लोकतन्त्र, गणतन्त्र र संघीयतालाई केही तत्वले समाप्त पार्ने सडयन्त्र गरिरहेको बताउँदै हजारौ मधेशी सपुतको सहादतको बलमा स्थापित संघीयतालाई समाप्त गर्ने कोसिस गर्नेहरू आफै समाप्त हुने उनले चेतावनी दिएका छन् ।

जसपाको प्रथम जिल्ला अधिवेशन जिल्लाको मध्य भाग गरुडा स्थित होटल एन प्लाजामा मंगलवार देखी सुरु भएको छ । यादवको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन सत्र सम्पन्न भइ मंगलवार रातीदेखी बन्दसत्र शुरु हुनेछ ।

# कांग्रेस पार्टी सुधार गर्न नेताहरु गम्भीर छलफलमा



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिको निजी निवासमा धनुषाको क्षेत्र, जिल्ला र नगरको विभिन्न कार्यक्रमहरूको विषयमा बैठक सम्पन्न भएको छ ।

सो बैठकमा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्रप्रसाद यादव, पूर्वमन्त्री तथा मधेश प्रदेश सभा सदस्य रामसरोज यादव, नेपाली कांग्रेस मधेश प्रदेशसभाका प्रमुख सचेतक प्रदेश सभा सदस्य कुँवर कान्त झा, जिल्ला अध्यक्ष योगेन्द्र पञ्जियार, जनकपुरधामका प्रमुख मनोज कुमार साह, उपप्रमुख किशोरी साहलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

सो बैठकमा निधिले नेपाली कांग्रेसको आगामी कार्ययोजना र क्षेत्रीय संगठनको मजबूतीकरणमा ध्यान दिनुपर्ने बताउँदै पार्टीलाई जनतासँग अझ नजिक बनाउन केहि नयाँ रणनीति अपनाउनु पर्नेमा जोड दिए ।

उनले भने, 'नेपाली कांग्रेसलाई अब गाउँ, नगर र जिल्लामा जडान गर्ने कामको महत्त्वपूर्ण भूमिका छ । हामीले जनतासम्म पुग्नका लागि पार्टी संरचनामा सुधार र स्थानीय स्तरमा समन्वयमा सुधार ल्याउन आवश्यक छ ।'

सो बैठकमा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले पार्टीको वर्तमान स्थिति र आगामी चुनावका लागि तयार रहेको स्थिति प्रस्तुत गरे । उनले पार्टीको एकता र संगठनलाई बलियो बनाउन नेताहरूसँग निरन्तर संवाद र सहकार्यको आवश्यकता औंल्याएका थिए ।

उनले भने, 'मधेशमा पार्टीको उपस्थिति बलियो बनाउनु हाम्रो प्राथमिकता हो । यसका लागि हाम्रा नेता र कार्यकर्ताले यथासम्भव जनताको समस्यासँग जुध्न आवश्यक छ ।'

पूर्वमन्त्री रामसरोज यादवले मधेशको विकासमा कांग्रेसको भूमिका र योगदानको महत्त्वता प्रकट गर्दै आगामी समयको चुनौतीलाई स्वीकार गर्दै पार्टीलाई सशक्त बनाउन सबैलाई एकताबद्ध रूपमा काम गर्न आग्रह गरेका छन् ।

सो बैठकमा नेपाली कांग्रेस मधेश प्रदेशसभाका सचेतक कुँवर कान्त झाले क्षेत्रीय विकास योजनामा पार्टीको सक्रियता र प्रभावकारिता थप बढाउनुपर्नेमा जोड दिए ।

सो बैठकमा सहभागी नेताहरूले आगामी स्थानीय, प्रदेश र संघीय चुनावमा पार्टीको विजयी दृष्टिकोण राख्दै जनसङ्गठनको प्रभावी विस्तारमा ध्यान दिनुपर्ने कुरामा सहमति जनाए ।

सो बैठकले आगामी कार्ययोजनाको लागि केही प्रमुख निर्णयहरू पनि गरेको छ । विशेषगरी, पार्टीको संगठनमा सुधार, नेताहरूको तालमेल र जनतासम्म पुग्ने समर्पित योजनाहरू बनाउन सबै स्तरमा क्रियाशीलता बढाउने कुरामा जोड दिए ।

# आजपा उपमहासचिवपछि वरिष्ठ उपाध्यक्षले छोडे प्रभु साहको साथ

सञ्जय मिश्रा

रौतहट । आमजनता पार्टीका उपमहासचिव पछी केन्द्रीय वरिष्ठ उपाध्यक्ष उपेन्द्र साहले पनि प्रभु साहको साथ छोडेका छन् ।

उनले नेतृत्ववर्गसंग असन्तुष्टि जनाउँदै पाट्रीको कुनै पनि जिम्मेवारीमा नरहेको जनाएका छन् ।

आमजनता पार्टी आजपा अध्यक्ष प्रभु साहको अति निकट रहेर उनको समकक्षीको रूपमा सधैं साथ सहयोग गर्दै आएको वरिष्ठ उपाध्यक्ष उपेन्द्र साहले सोमबार आफ्नो आधिकारिक आइडी समाजिक संजाल फेसबुक मार्फत पार्टीको कुनै जिम्मेवारी नरहने सार्वजनिक रूपमा घोषणा गरेका हुन् । राष्ट्रिय जनमोर्चा पार्टीबाट राजनीति शुरु गरेका उपेन्द्र साह पछी माओबादी पार्टीको पोलिटब्युरो सदस्यको समेत जिम्मेवारी निर्वाह गरिसकेका छन् ।

रौतहटको माधव नारायण नगरपालिका ५ घर भएका उपेन्द्र साह २०७९ को निर्वाचन अघि नेकपा एमालेको केन्द्रीय सदस्य, पार्टी जिल्ला इन्चार्ज र नेकपा एमालेबाट तेस्रो स्थानमा समानुपातिक सांसदको लागि सिफारिस भएका थिए ।




२०७९ को निर्वाचनमा प्रभु साहले नेकपा एमालेको टिकट गोजीमा राखेर प्रतिनिधि सभा सदस्य पदमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका थिए ।

निर्वाचनमा उपेन्द्र साह, प्रभु साहको जस्तै एमाले पार्टीको वास्ता नगरी स्वतन्त्र उमेद्वारको साथ रहेको कारण पार्टीले कारवाही गरेको थियो । पछिल्लो केही महिनादेखि आजपा अध्यक्ष प्रभु साह र उनी बीच अविश्वासको वातावरण बनेको थियो ।

आम जनता पार्टीको मूल नेतृत्वसंग विश्वासको संकट देखिएपछि आजपा तथा प्रभु साहको साथ छोडेको उनले बताएका छन् ।

> आम जनता पार्टीको मूल नेतृत्वसंग विश्वासको संकट देखिएपछि आजपा तथा प्रभु साहको साथ छोडेको उनले बताएका छन् ।

कुशवाहाको पोष्ट र केहीबेर पछि आजपा वरिष्ठ उपाध्यक्ष उपेन्द्र साहको पोष्ट पछी सामाजिक सञ्जाल फेसबुक मार्फत आरोप प्रत्यारोप सुरुभएको थियो । एमालेका कार्यकर्ता आजपा अध्यक्ष प्रभु साहको र आजपाका कार्यकर्ता कुन्दन कुशवाहा र उपेन्द्र साहको फेसबुक मार्फत आलोचना शुरु गरेका थिए ।

उपेन्द्र साहले आजपा कार्यकर्ताहरुको समाप्ती चरणको हतास मानसिकताको उपज भएको बताएका छन् । आजपा निकट आइटी आर्मीका योद्धाहरुमा सैद्धान्तिक ज्ञानको अभाव रहेको भन्दै उनीहरूको लेखाइले लाज लाग्नु पर्ने टिप्पणी गरेका छन् । साथ छोड्ने बितिकै जसलाई पनी डेट एकसपायर भन्दिने आफ्नो डेट कहिलेसम्मको हो भन्नेले बुझ्नु जरुरी रहेको उनले सुझाव दिएका थिए ।

प्रभु साहलाई सहयोग गरेकै कारण २०७४ सालको स्थानीय तहको निर्वाचनमा माधव नारायण नगरपालिकामा उपमेयर पदमा बिजयी भएकी उनको श्रीमती सिमल कुमारी साह लाई सोहीसमय नेकपा एमालेले कार्वाही समेत खेप्नु परेको उनले गुनासो गरेका छन् ।

एमालेको केन्द्रीय सदस्य कुशवाहासंग सरसल्लाह भएकै कारण मानिसहरूले आफू आजपा छोडेर एमालेमा जाने गरिरहेको अडकल सही नभएको बताएका छन् । भर्खरै पार्टी छोडेको छु, अहिले केहीसमय विश्राम गर्छु त्यस पछि साथि सहयोगीहरुको सल्लाह सुझाव अनुसार कुनै दलमा आवद्ध हुने साहले बताएका छन् ।

वरिष्ठ उपाध्यक्ष साह भन्दा अघि कुन्दन कुशवाहाले २०७९ को निर्वाचनमा आजपाले आफूसंग गद्दारी गरेको तथा नेतृत्वसंग असन्तुष्टि जनाउँदै केही समय अघि प्रभु साहको साथ छोडेर नेकपा एमालेमा प्रवेश गरेका थिए। हाल उनी एमालेको केन्द्रीय सदस्य रहेका छन् ।

# प्रदेश सरकारलाई अधिकार दिन आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश संसदीय दलका नेताहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाट गर्दै प्रदेशलाई अधिकार प्रदान गर्न आग्रह गरेका छन् ।

जनकपुरधाममा मंगलबार मधेश प्रदेशसभामा प्रधानमन्त्री ओलीको विशेष सम्बोधनपछि प्रदेशसभा सदस्यहरुले भेटघाट गरेका छन् ।

भेटघाटमा सत्तापक्ष र प्रतिपक्षी दलका नेताहरुले मधेशको मुद्दामा प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराए ।

नेपाली कांग्रेसको मधेश प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादवले संघीयता कार्यान्वयनका लागि प्रदेशलाई अधिकार प्रदान गर्ने विषयमा छलफल भएको बताए । उनले प्रदेशलाई दिइएको एकल अधिकार कार्यान्वयनमा देखिएको जटिलता, प्रदेश प्रहरी ऐन कार्यान्वन र संघ-प्रदेशबीच देखिएको विमतिका बारेमा छलफल हुँदा प्रधानमन्त्रीले सकारात्मक आश्वासन दिए ।

त्यस्तै जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले फरक धारणा राखेका थिए । प्रधानमन्त्री ओलीले दिएको आश्वासन कार्यान्वयनप्रति आशंका व्यक्त गरे । पूर्वसभामुखसमेत रहेका यादवले भने, 'उहाँसँग प्रदेशको अधिकारको विषयमा यसअघि पनि कुरा भएकै हो । म सभामुख हुँदा पनि उहाँ सम्बोधन गरेर मधेशको अधिकार प्रदान गर्ने वाचा गर्नु भएको थियो,' उनले भने,'अहिले पनि त ती समस्या यथावतै छ ।' प्रदेश प्रहरी ऐनको विषयमा प्रधानमन्त्रीले स्पष्ट जवाफ नदिएकोमा उनले असन्तुष्टि पोखे ।

> पूर्वसभामुखसमेत रहेका यादवले भने, "उहाँसँग प्रदेशको अधिकारको विषयमा यसअघि पनि कुरा भएकै हो ।

# जीतपुर सिमरालाई व्यवसायिक हब बनाउने योजना

**रञ्जन यादव**

बारा । बाराको जीतपुर सिमरा उपमहानगरपालिकाले उद्योगी तथा व्यवसायीसंगको अन्तरक्रिया कार्यक्रममा उद्योग वाणिज्य संघका महासचिव प्रकाश गिरीले मेयर राजन पौडेलसमक्ष नगरको विकास, व्यापारको सहजता र व्यवस्थापनसंग सम्बन्धित विभिन्न महत्वपूर्ण सुझावहरू राखेका छन् । गिरीले जीतपुरसिमरा उपमहानगरलाई व्यवसायिक हब बनाउन उपमहानगरपालिकासंग काँधमा काँध मिलाइ अगाडि बढ्न तयार रहेको बताएका छन् । सुझाव स्वरूप रातो पुलको सौन्दर्यकरण गर्नुपर्नेमा जोड दिए, जहाँ राष्ट्रिय झण्डा समेत राख्ने व्यवस्था मिलाइनु पर्ने बताए ।

त्यस्तै छ लेन सडकमा लगाइएका रूख र विरुवाको स्याहार-सुसार नगरेको प्रति गुनासो गर्दै, वातावरणीय सन्तुलनका लागि यस्ता संरचनाहरूको हेरचाह अनिवार्य रहेको उनले बताए । छ लेन सडकमा बनाइएका बारले व्यापारमा प्रत्यक्ष असर परेको भन्दै गिरीले साना तथा ठूला व्यवसायीहरू आर्थिक रूपमै प्रभावित भएको उल्लेख गरे । यसका साथै उद्योग वाणिज्य संघको आफ्नै सभा हल नहुनुले व्यवसायिक कार्यक्रमहरू सञ्चालन गर्न कठिनाइ भोग्नु परेको जानकारी गराउँदै त्यसको शीघ्र निर्माण आवश्यक रहेको बताए । युवाहरूलाई जनप्रतिनिधिको रूपमा मूल्यांकन गर्दा उमेरको आधारभन्दा पनि उनीहरूको कार्यकुशलता, सोच र योगदानको आधारमा मूल्यांकन गर्नु पर्ने सुझाव पनि उनले प्रस्तुत गरे । त्यसैगरि वडा कार्यालयहरू अझै आफ्नै



भवनविहीन रहेको विषयमा चिन्ता व्यक्त गर्दै उनले सेवा प्रवाह प्रभावकारी बनाउन कार्यालय भवनहरूको निर्माण गर्न आग्रह गरे ।

सार्वजनिक सेवा पहुँचको विषयमा बोल्दै गिरीले जीतपुरको सार्वजनिक शौचालय अगाडि पर्खाल लगाइएको हुँदा सेवाग्राहीहरूलाई असहज भएको जनाए । यसबाहेक शैक्षिक सत्र घट्दो अवस्थामा रहेको प्रति चिन्ता व्यक्त गर्दै शिक्षा क्षेत्रमा गम्भीर ध्यान दिनुपर्नेमा उनले जोड दिए । विकास कार्यहरू नगरका सबै क्षेत्रहरूमा समान रूपमा हुनुपर्ने माग राख्दै उनले मसानघाट जस्ता संवेदनशील स्थानमा नगरपालिकाले आवश्यक ध्यान दिनुपर्ने पनि उल्लेख गरे । मेयर राजन पौडेलले उद्योगी तथा व्यवसायीको प्रतिनिधिबाट आएका यी सुझावहरूलाई आगामी आर्थिक वर्षको नीति, नियम तथा बजेटमा सक्दो समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्दै, नगर विकासमा सबैको सहकार्य आवश्यक रहेको धारणा राखे ।

# 'बालुवाटारको भातपानी बन्द गर्दिन सक्छौं'

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले सरकारले आफूहरूलाई निषेधको राजनीति गरेको आरोप लगाएका छन् ।

काठमाण्डुस्थित बल्खुमा मंगलबार पार्टीले आयोजना गरेको खबरदारी सभामा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष लिङ्देनले आफूहरूलाई भृकुटीमण्डपमा सभा गर्न नदिएकोमा पनि आक्रोश व्यक्त गरे ।

केही हजार मान्छेको ऱ्याली निस्कन्छ भनेर सरकार डराएको उनले आरोप लगाए । उनले भने, 'हामी शान्तिपूर्ण प्रदर्शन नै चाहन्छौँ । तर हामीले चारतिरबाट जुलुस हेल्दिने हो भने के हुन्छ । हामीले बालुवाटारलाई चारतिरबाट घेरा हालेर भातपानी बन्द गर्दिन सक्छौँ ।'

राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवल शमशेर राणालाई तत्काल रिहा गर्न उनले माग गरे । त्यस्तै राजा चाहिने भन्नेलाई थुन्ने हो भने लाखौं मानिसलाई थुन्न जेल खाली गर्न पनि उनले माग गरे ।

'शान्तिको कुरा गर्दा हामीलाई हेप्ने र हाम्रो कमजोरी ठान्ने हो भने तपाईहरूसँगै सल्लाह गरौंला,' अध्यक्ष लिङ्देनले भने 'एउटा भरुवा बन्दुक र केही घरेलु हतियार बोकेर युद्ध थालेको माओवादीले देशलाई कहाँ पुऱ्यायो । के राजा चाहिनका लागि २/४ हजार मानिस जंगल पस्नलाई तयार छैनन र ? तर, हामी शान्तिको पक्षधर हौं ।'

अध्यक्ष लिङ्देनले राप्रपालाई कमजोर नठान्न पनि चेतावनी दिए ।




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८